# शैक्षिक गुणस्तर प्रवर्द्धनमा स्थानीय शिक्षकको भूमिका

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय शिक्षा योजना तथा व्यवस्थापन विभाग स्नातकोत्तर तह (एम.एड.) दोस्रो वर्षको आवश्यकता पूरा गर्नका लागि प्रस्तुत

**शोधपत्र**


प्रस्तुतकर्ता

नारायणदत्त कोइराला

क्याम्पस क्रमाङ्क : ४८२०७१

परीक्षा रोल नं. : २४००००५२०७३

त्रि.वि.वि दर्ता नं. : ११३९५(८२

सप्तगण्डकी बहुमुखी क्याम्पस
भरतपुर, चितवन



२०७५

# कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय शिक्षा योजना तथा व्यवस्थापन विभाग स्नातकोत्तर तह दोस्रो वर्षको आवश्यकता पूरा गर्ने उद्देश्यले **शैक्षिक गुणस्तर प्रवर्द्धनमा स्थानीय शिक्षकको भूमिका** नामक शीर्षकमा प्रस्तुत शोधपत्र तयार गरिएको छ । शोधपत्र तयारीका क्रममा उचित मार्गदर्शन प्रदान गरी सहयोग गर्नु हुने त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय शिक्षा योजना तथा व्यवस्थापन विभागका विभागीय प्रमुख एवम् शोध निर्देशक आदरणीय गुरु सह. प्राध्यापक कुवेरनाथ शर्माज्यू प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

साथै आवश्यक तथ्यांक तथा सूचनाहरु उपलब्ध गराई सहयोग पुऱ्याउनु हुने सम्बन्धित विद्यालयका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष लगायत पदाधिकारीज्यूहरु, विद्यालय निरीक्षक, स्रोतव्यक्ति, शिक्षक मित्रहरु, शिक्षक अभिभावक संघका अध्यक्ष लगायत पदाधिकारीज्यूहरु, सम्बन्धित अभिभावकज्यूहरु र सम्पूर्ण विद्यार्थी वर्गमा हार्दिक धन्यवाद टक्र्याउन चाहान्छु । प्रस्तुत शोधकार्यलाई पूर्णता प्रदान गर्नका लागि पारिवारिक वातावरण मिलाइ सहयोग गर्नुहुने मेरी जीवन संगिनी र छोराहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

प्रस्तुत शोधकार्य तयारीका क्रममा आवश्यक तथ्यांक संकलन गर्नका लागि सहयोग पुर्‍याउनु हुने यस सप्तगण्डकि क्याम्पसका पुस्तकालय प्रमुख, तथा अन्य कर्मचारीज्यूहरुमा कृतज्ञता व्यक्त गर्दछु । अन्त्यमा यस शोधकार्यलाई पूर्णता प्रदान गर्नका लागि टाइपिङ तथा व्याण्डिङमा सहयोग गर्नुहुने शालिक सापकोटाज्यूप्रति कृतज्ञ छु ।

# *शोध सार*

*__शैक्षिक गुणस्तर प्रवर्द्धनमा स्थानीय शिक्षकको भूमिका__ शीर्षक मा अध्ययन गरिएको प्रस्तुत शोधपत्रलाई स्थानीय शिक्षकले खेलेको भूमिकाको वर्तमान अवस्था पहिचान गर्नु, शैक्षिक गुणस्तर प्रवर्द्धनमा शिक्षकको स्थानीयताले पार्ने प्रभावहरु विश्लेषण गर्नु, स्थानीय शिक्षकको परिचालनबाट शैक्षिक गुणस्तर प्रभावकारी बनाउने उपायहरु सुझाउनु जस्ता उद्देश्यहरुमा केन्द्रित गरिएको छ ।*

*यो अध्ययन मुलतः गुणात्मक ढाँचामा आधारित छ । अनुसन्धान कार्यका लागि निश्चित योजना तथा रणनीतिको आवश्यकता पर्दछ । कुनै पनि शोधकार्य सम्पन्न गर्न पूर्व योजना तथा तयारी बिना लक्ष्यसम्म पुग्न सकिँदैन । अध्ययनलाई उद्देश्य अनुसार पूर्ण रुप प्रदान गर्नका लागि सम्भावनारहित नमुना छनोट विधिका आधारमा यस अध्ययनको अनुसन्धानको जनसंख्याका रुपमा चितवन जिल्ला लंकू स्रोतकेन्द्र अन्तर्गत रहेका श्री प्रेमवस्ती मा.वि, प्रेमवस्ती, श्री राष्ट्रिय मा.वि, कृष्णपुर, श्री मा.वि., गौरिगन्ज र श्री नारायणी नमुना मा.वि., भरतपुरलाई लिइएको छ । तथ्यांक संकलनका साधनमा अन्तरवार्ता प्रश्नावली तथा अवलोकन रहेको छ । छनोटमा परेका विद्यालयमा अनुसन्धानकर्ता स्वयम् उपस्थित भएर अन्तरवार्ता प्रश्नावलीको आधारमा छलफल तथा अनुसन्धान गर्नुका साथै आजभन्दा अगाडिका पत्रपत्रिका तथा लेख रचनालाई समेत आधार बनाएर तथ्यांक संकलन गरी आवश्यकता अनुसार प्रशोधन गरेर प्रयोगमा ल्याइएको छ ।*

*छनोटमा परेका विद्यालयमा शिक्षकको स्थानीयताले विद्यालयमा सकरात्मक र नकराात्मक दुवै किसिमको प्रभाव परेको पाइयो । छनोटमा परेका विद्यालयमा शैक्षिक गुणस्तर प्रवर्द्धनमा शिक्षकको स्थानीयताले सकरात्मक भूमिका निर्वाह गर्दै आएको भए पनि एकाद नकरात्मक प्रभावहरु पनि पर्न गरेको भन्ने जस्ता उत्तरहरु अध्ययनका क्रममा जानकारी प्राप्त भएको थियो । शैक्षिक गुणस्तर प्रवर्द्धनमा स्थानीय शिक्षकको भूमिकालाई प्रभावकारी बनाउनका लागि कार्यरत शिक्षकलाई प्रोत्साहनको व्यवस्था गर्नु आवश्यक रहेको पाइयो । त्यसैगरी शिक्षक नियुक्ति तथा सरुवा गर्दा राम्रो शिक्षकलाई प्राथमिकता दिन*

सकेका खण्डमा दक्ष शिक्षकको नियुक्ति हुन सकि शैक्षिक गुणस्तर प्रवर्द्धनमा थप सहयोग पुग्ने तथ्य प्राप्त भएको छ । विद्यालयमा बढ्दो राजनीतिक  अवस्थाले गर्दा शैक्षिक गुणस्तर प्रभावकारी हुन नसेको, स्थानीय शिक्षकले आफ्नो पेशाप्रति निराशा व्यक्त गरेको जस्ता उत्तरहरु अध्ययनका क्रममा जानकारीहरु प्राप्त भएका छन् । विद्यालयमा शिक्षकलाई रहेको अत्याधिक पिरियड भारका कारण शिक्षकले अन्य अतिरिक्त समय दिन नसकेको भन्ने जस्ता उत्तरहरु प्राप्त हुनुका साथै स्थानीय शिक्षकहरुले अन्यत्रबाट आउनु भएका शिक्षकको तुलनामा बढी समय दिएको, घरवरपरका अभिभावकहरुलाई परामर्श दिने तथा शैक्षिक गुणस्तरका लागि छलफल अन्तरक्रिया गर्ने गरेको भन्ने जस्ता उत्तर पनि अध्ययनका क्रममा विद्यालय  प्र.अ.बाट जानकारी प्राप्त भएको थियो । साथै भोलिका दिनमा स्थानीय शिक्षकलाई प्रोत्साहन गरी उनीहरुले प्रदान गरेको अतिरिक्त समय स्वरुप थप पारिश्रीमक प्रदान गर्ने र शिक्षक, अभिभावक, अभिावक, विद्यार्थी बिचमा छलफल तथा अन्तरक्रिया गरी शैक्षिक गुणस्तर वृद्धिका लागि पहल गर्न थप जिम्मेवारी दिने जस्ता क्रियाकलाप गर्न सकेको खण्डमा शैक्षिक गुणस्तरमा थप सहयोग पुग्न सक्ने निष्कर्ष प्रस्तुत गरिएको छ ।

## विषयसूची

सिफारिस पत्र

स्वीकृति पत्र

शोधसार

कृतज्ञता ज्ञापन

विषय सूची

तालिका सूची

### परिच्छेद : एक

### परिचय

१.१ अध्ययनको पृष्ठभूमि 1

१.२ समस्याको कथन 5

१.३ अध्ययनको औचित्य 6

१.४ अध्ययनको उद्देश्य 7

१.५ अनुसन्धान प्रश्नहरु 7

१.६ अध्ययनका परिसिमाहरु 7

### परिच्छेद : दुई

### सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

२.१ सम्बन्धित साहित्यको पुनरावलोकन 10

२.२ अध्ययनको सैद्धान्तिक खाका 16

२.३ पुनरावलोकनको शैक्षिक उपादेयता 17

### परिच्छेद : तीन

### अध्ययन विधि

३.१ अनुसन्धान ढाँचा

1

8

३.२ अध्ययनको जनसङ्ख्या र नमूना छनोट 18

३.३ अध्ययन साधनको निर्माण 20

३.४ तथ्याङ्क संकलनका स्रोतहरु 20

३.५ तथ्याङ्क संकलन विधि 21

३.६ तथ्याङ्कको व्याख्या र विश्लेषण 21

## परिच्छेद : चार

## तथ्याङ्कको व्याख्या तथा विश्लेषण

४.१ शैक्षिक गुणस्तर प्रवद्धनमा स्थानीय शिक्षकले खेलेको भूमिकाको वर्तमान अवस्था २२

४.१.१ शैक्षिक सामग्री निर्माण तथा प्रयोग २३

४.१.२ विद्यार्थी अनुशासन २६

४.१.३ शिक्षक, विद्यार्थी तथा अभिभावकका बिचमा छलफल तथा अन्तरक्रिया २८

४.१.४ पृष्ठपोषण तथा विद्यार्थी उत्प्रेरणा ३०

४.१.५ विद्यार्थी मूल्यांकन ३१

४.१.६ विद्यालयको शैक्षिक गतिविधिमा दिइने अतिरिक्त समय ३१

४.१.७ विद्यालयको प्रशासनिक तथा शैक्षिक वातावरणमा स्थानीय शिक्षकको भूमिका ३२

४.१.८ विद्यार्थीलाई गराउने अतिरिक्त क्रियाकलापहरु ३३

४.२ शैक्षिक गुणस्तर प्रवर्द्धनमा शिक्षकको स्थानीयताले पार्ने प्रभावहरु ३६

४.२.१ सकारात्मक प्रभाव ३७

४.२.२ नकारात्मक प्रभाव ३९

४.३ स्थानीय शिक्षकको परिचालनबाट शैक्षिक गुणस्तर प्रभावकारी बनाउने उपायहरु ४०

## परिच्छेद : पाँच

## निष्कर्ष र सुझावहरु

५.१ निष्कर्ष ४५

५.२ सुझावहरु ४८

५.२.१ नीतिगत तह ४८

५.२.२ कार्यान्वयन तह ४९

५.२.३ अनुसन्धान तह ४९

**सन्दर्भग्रन्थहरु**

**अनुसूचीहरु**

## तालिका सूची

तालिका १ : नमुना छनोट विवरण १९

तालिका २ : २०७४ को शैक्षिक उपलब्धिको तहगत विश्लेषण ३७

# परिच्छेद एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

शिक्षा मानव जिवनको आधारभुत पक्ष हो । राष्ट्रिय विकासको मेरुदण्ड हो । शिक्षा व्यक्तिको विकास र उन्नतिको आधार हो । शिक्षाको माध्यमबाट नै व्यक्तिले आफू बाँचेको संसार र समाज बुझ्ने क्षमता र ज्ञानको भण्डार आर्जन गर्न सक्छ । शिक्षाले मानव जीवनका अवसरहरुलाई बढाउन मद्दत गर्दछ । परिवर्तित समयसँगै व्यक्ति पनि परिवर्तित हुदै जानु पर्ने सर्वमान्य सिद्धान्त अनुरुप शिक्षाले व्यक्तिलाई समायोजन हुन सिकाउछ । त्यसैले शिक्षाले परिवर्तित समय अनुसार व्यक्तिलाई अनुकुल हुन सिकाउछ, (कोइराला, २०६१) ।

नेपालमा औपचारिक शिक्षा दिने विद्यालय जंग वहादुर राणा वेलायत वाट फर्किएपछि वि.सं १९१० मा दरवारिया राणाहरुका आफ्ना छोराछोरी लाई अंग्रेजि शिक्षा दिलाउन खोलिएको थियो । सुरुमा यो विद्यालय थापाथलीको आफनै दरवारको दाखाचोकको भुइँतलामा सञ्चालन गरिएको थियो । वेलायतको भ्रमण गरे पछि जंग वहादुर लाई वेलायतको चेतना,चिन्तन,विज्ञान प्रविधिको विकास र स्तरको गहिरो छाप परेको थियो । उनले वेलायतको सवै प्रगति शिक्षाबाट नै भएको कुरा वुझेकोले विद्यालय खोल्न चासो राखेका थिए । त्यो भन्दा पहिले नेपालमा औपचारिक शिक्षा हासिल गर्ने कुनै विद्यालय थिएनन् । देशभित्रका नागरिक त के कुरा शासकहरुमा नै अंग्रजी शिक्षाको ज्ञान सुन्य थियो । आम नागरिकहरु लाई छोरा छोरीहरुलाई पढाउनु पर्दछ भन्ने चेतना समेत त्यो समयमा थिएन । गरिव, विपन्न, दलित जातीका केटाकेटीहरुले कमारा,कमारीको रुपमा बिक्री हुने  प्रथा थियो ।

विद्यालय सञ्चालन गर्नु भनेको नेपालमा त्यस वेला नयाँ र नौलो कुरा थियो जुन वेलायतमा पहिलो पटक जंग वहादुर ले देखेका थिए । यसरी खोलिएको विद्यालय सञ्चालन र अध्यापन गर्नको लागि उनले वेलायतबाट केट्रिन नामका एक शिक्षक मगाएका थिए । यसरी अध्यापनको काम सुरु भएको विद्यालयमा कक्षा भने एउटै कोठामा राखि अंग्रेजी भाषा सिकाई विद्यार्थीको योग्यता अनुसार  अग्रेजी,गणित,र इतिहास जस्ता विषयहरु पढाउने गरिन्थ्यो । विद्यालय को भवनको कारण कहिले धिरसम्सेरको निवास जमलमा त कहिले, नारायणहिटि दरवारको सानुचोक वैठक, वाग दरवार मा पनि पढाउने काम भएको थियो ।

दरवारिया राणाहरुको मात्र छोराछोरी पढने विद्यालय भएको हुँदा विद्यालयको नाम पनि दरवार स्कूल राखिएको थियो । वि.सं. १९३३ मा रणोद्दीपसिंह श्री ३ महाराज भएपछि राणाहरु संग पहुँच हुनेहरुका छोराछोरीले समेत पढ्न पाउने व्यवस्था भएको थियो । पछि वीर शमसेर को पालामा रानी पोखरीको किनारमा भवन निमार्ण गर्न लगाएका थिए । जुन भवन अहिले सम्म पनि छ । त्यहि दरवार स्कूलबाट नेपालको शिक्षाको सुरुवात भएको हो । शिक्षाको इतिहास हेर्ने हो भने नेपालमा सवै राणाहरुको नाम जोडिएको छ । चन्द्र शमसेर ले पछि त्रि-चन्द्र कलेज स्थापना गरे । त्यसपछि खोलिएका अधिकांश स्कूलहरुको नाम पनि राणाहरु कै नाम राखिएको छ ।

राणाले खोलेका दरवार स्कूलले सुरुमा कलकत्ता विश्वविद्यालय र पछि पटना विश्वविद्यालय बाट सम्वन्धन प्राप्त गरी  विद्यार्थीहरुलाई एस.एल.सी. परीक्षा दिन लगाइएको थियो । नेपालबाट नै एस.एल.सी. परीक्षा दिने व्यवस्था २००३ सालबाट मात्र भएको हो । २००७ सालमा राणा शासन अन्त्य भए पछि काठमाडौं उपत्यका बाहिर पनि विद्यालय खुल्ने क्रम बढ्न थाल्यो । खोलिएका विद्यालयका नाम पनि फेरिन थाल्यो । २०२४ सालमा दरवार स्कूलपनि भानु माध्यमिक विद्यालय भयो । राणाहरुको पालामा विद्यालयमा विशेष गरी अग्रेजी,गणित,भूगोल र इतिहास का किताव पढाउने गरिन्थ्यो । कक्षा ४ सम्म परिक्षा मौखिक हुने र ५ कक्षा देखि लिखित परीक्षा हुने

गर्दथ्यो । नेपाली विषयमा वाहेक अन्य विषयमा प्रश्नपत्र अग्रेजीमा दिने गरिन्थ्यो । उत्तर पनि अग्रेजीमा दिनु पर्दथ्यो । वार्षिक र अर्धवार्षिक गरी दुई पटक परिक्षा लिने गरिन्थ्यो । सबै विषयको परिक्षामा पास भएपछि मात्र माथिल्लो कक्षामा पढ्न पाउने व्यवस्था थियो । यसरी पढाइएका विद्यार्थीलाई भारतको कलकत्ता विश्वविद्यालयवाट सम्वन्धन मिलाई  एस.एल.सी. परिक्षाको व्यवस्था मिलाउने गरिन्थ्यो । नेपालमा एस.एल.सी. परिक्षाको इतिहास  फर्केर हेर्ने हो भने ८५ वर्ष भएको छ । वि.स. १९३६ देखि १९७९ सम्म ४४ वर्ष एस.एल.सी. परिक्षा कलकत्ताबाट लिइएको थियो । पछि गएर पटनाबाट पनि परिक्षा दिने व्यवस्था मिलाउदै अहिलेको अवस्थामा एस.एल.सी. परिक्षा आएको हो । २०२८ सालमा नेपालमा नयाँ शिक्षा योजना लागु भयो ।

शिक्षा लाई केन्द्र देखि गाउसम्म पुर्‍याउनु पर्दछ भन्ने मान्यता अनुसार विद्यालयहरु खोल्दै लगियो । सुरुमा चितवन र कास्की जिल्लाबाट सुरु गरिएको नयाँ शिक्षा योजना २०३२ साल सम्म सवै जिल्लाहरुमा लागुगरी विद्यालय नभएको ठाउँमा विद्यालय खोल्ने आवश्यक शिक्षकको व्यवस्था सरकारले गर्दै आयो । दुर्गम दुर दराजका गाउँघरमा पनि प्राथमिक विद्यालयहरु खोलिए । विद्यालय लाई प्रा.वि.,नि.मा.वि.,र मा.वि. गरी तिन तहमा विभाजन गरियो । नयाँ शिक्षाले नेपालमा शिक्षाको विकास भन्दापनि प्रचार बढि भएको अनुभव हुन्छ । नेपालमा नयाँ शिक्षाले चारित्रिक,वौद्धिक, र विषयगत दक्षताको शिक्षा दिलाउन सकेन । राजनैतिक हिसावले त्यतिवेला विद्यालय खोल्ने होडवाजी चल्न थाल्यो । विद्यालय सन्चालन गर्न सरकारले वनाएको विनियमलाई वेवास्ता गर्दै चुनावको समयमा त्यतिवेलाका पञ्चहरुले विद्यालय खोल्दै गए । सुरुमा विषयगत शिक्षकको अभाव हुदा कतिपय जिल्लामा अंग्रेजी,विज्ञान,गणित जस्तो विषय पढाउने शिक्षक भारत बाट समेत ल्याउने गरिएको हाम्रो शिक्षाको इतिहास छ ।

२०२८ सालभन्दा अगाडी गाउँमा खोलिएका विद्यालयमा धान,मकै,कोदो,गहूँ आदि अन्न र राडी,पाखि जस्ता घरेलु उत्पादन बस्तु लिएर पढाउदै आएका शिक्षकहरु नयाँ शिक्षा

प्रणाली लागुभएपछि सरकारले विद्यालयमा शिक्षकहरु लाई तलव दिन थालेपछि दङ्ग बन्दै अव हुने भयो शिक्षाको विकास भनि प्रचारमुखि वन्नथाले । तर नयाँ शिक्षाले पनि नेपालमा गुणात्मक शिक्षाको विकास हुन सकेन । शिक्षाको स्तरमाथी आउन नसके पछि क्रमिक रुपमा निजीक्षेत्र को लगानीमा निजी विद्यालयको सुरुवात नेपालमा बढ्न थाल्यो । शहरी क्षेत्रबाट सुरु भएको निजीक्षेत्रका वोर्डिङले अहिले गाउँघर र दुर्गम,सुगम सबै क्षेत्रमा आफ्नो प्रभुत्व जमाएका छन् । बोर्डिङको शिक्षाले झन दुईखाले सोचको विकास भएको छ । हुनेखाने अथवा सम्पन्न घरपरिवारले आफ्नो छोराछोरी लाई वोर्डिङ्मा अध्यापन गराउने र विपन्न्न वर्गका छोराछोरीले सरकारी विद्यालयमा पढ्न पर्ने वाध्यताले नेपालको शिक्षामा समानता हुन सकेको छैन, (मसाल, २०१३) ।

हाल देशभर जम्मा १०५३ स्रोत केन्द्रहरू सञ्चालित छन हालसम्म अस्तित्वमा रहेका पाँच विकास क्षेत्रमा रहेका क्षेत्रीय शिक्षा निर्देशनालयहरूले पनि कार्यक्रम सञ्चालनको अनुगमन र समन्वयमा सहयोग गर्दछन् । शिक्षा मन्त्रालय अन्तर्गत केन्द्रीय स्तरमा परीक्षाको प्रबन्ध र व्यवस्थापनका लागि राष्ट्रिय परीक्षा बोर्ड पाठ्यक्रम, पाठ्यपुस्तक विकास र परिमार्जनका लागि पाठ्यक्रम विकास केन्द्र, अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालन र व्यवस्थापनका लागि अनौपचारिक शिक्षा केन्द्र, शिक्षकहरूको अभिलेख व्यवस्थापनका लागि शिक्षक किताबखाना र विद्यालय शिक्षाको गुणस्तर परीक्षण गरी सुझाव दिन शैक्षिक परीक्षण केन्द्र रहेका छन्, (खड्का, २०७२) ।

विद्यालयको शैक्षिक उपलब्धि वृद्धि भएमा सबैभन्दा पहिलो श्रेय शिक्षकमा नै जाने गर्दछ । शिक्षक विद्यार्थीको अभिभावक, घरपरिवार तथा विद्यार्थीको मर्म अनुसार अध्यापन गर्न सक्ने भएमा विद्यार्थी र शिक्षक बिचमा सुमधुर सम्बन्ध वृद्धि हुन गई शैक्षिक उपलब्धि समेत वृद्धि हुन सक्दछ । टाढाटाढाबाट आएका फरक परिवेशका शिक्षक भन्दा स्थानीय शिक्षकले विद्यार्थीको अवस्थालाई छिटो र सहज ढंगबाट बुझ्न सक्छन् भने अध्यापन क्रियाकलापमा अतिरिक्त समय दिन पनि उनीहरुलाई सहजता हुने देखिन्छ । यसका साथै स्थानीय शिक्षक हुँदा त्यसका कमजोर पक्षहरु पनि उत्तीकै

मात्रामा रहेको पाइन्छ । यिनै कुरालाई दृष्टिगत गर्दै शैक्षिक गुणस्तर प्रवर्द्धनमा स्थानीय शिक्षकको भूमिका नामक शीर्षकमा प्रस्तुत शोधकार्य तयार गरिएको छ ।

## १.२ समस्याको कथन

अहिलेको युगलाई हेर्ने हो भने नेपाल सरकारबाट गुणस्तरीय शिक्षाका लागि अधिकतम मात्रामा धनराशी खर्चिदै आएको पाइन्छ । नेपालसरकारबाट जे जति खर्च भएको छ सो अनुसार शिक्षामा प्रगति हुन सकिरहेको अवस्था छैन । शैक्षिक गुणस्तरलाई नै हेर्ने हो भने सामुदायिक विद्यालयको एस.इ.इ.को नतिजा पहिलाको भन्दा झन न्यून रहँदै आएको छ । यसरी विद्यालयको गुणस्तरमा प्रश्न चिन्ह नै खडा हुँदै आएको छ । यो चुनौतिपूर्ण अवस्थामा शैक्षिक गुणस्तर विकासका लागि गम्भीर ढंगबाट सोच्नु पर्ने अवस्था रही आएको छ । यो अवस्थामा शिक्षाको गुणस्तर विकासमा शिक्षकले गर्नु पर्ने भूमिकाहरु के के हुन सक्छन् ? स्थानीय शिक्षक नहुँदा विद्यार्थीको घरपरिवार तथा विद्यालय वरपरको वातावरणमा घुलमिल हुन नसकि शिक्षक र विद्यार्थी बिचमा सुमधुर सम्बन्धको अभावले शैक्षिक गुणस्तरमा प्रभाव परेको त होइन ?  कुन कुन उपायद्धारा स्तरीय शिक्षा बालबालिकालाई प्रदान गर्न सकिन्छ ? शिक्षक तथा विद्यार्थी बीचको सम्बन्ध सुमधुर गर्नका स्थानीय शिक्षकको भूमिका के के हुन सक्छ ? भन्ने जस्ता कुराहरुलाई प्रमुख समस्याको रुपमा लिएर यो अध्ययन अनुसन्धान अगाडि बढाउने प्रस्ताव गरिएको छ ।

विद्यार्थीको शैक्षिक उपलब्धिमा शिक्षकको प्रमुख भूमिका रहेको हुन्छ । शिक्षकलाई विद्यालयको माली र विद्यालयलाई एक बगैंचा तथा विद्यार्थीलाई उक्त बगैचाको फूलका रुपमा विभिन्न विद्वानहरुले विश्लेषण गर्दै आएका छन् । कुन शिक्षकले अध्यापन कार्यमा के कस्तो भूमिका निर्वाह गरेका छन् र त्यसले शैक्षिक उपलब्धिमा कस्तो प्रभाव परेको छ भन्ने बारेमा गहन अध्ययन अनुसन्धान गर्नु एक चुनौतीपूर्ण कार्यका रुपमा रहन आउँछ, त्यसमा पनि छनोटमा परेका विद्यालयका स्थानीय शिक्षक

पहिचान गरी उनीहरुले शिक्षण कार्यमा खेलेको भूमिका, उनीहरुका समस्या, शिक्षामा परेको प्रभाव जस्ता कुराहरुको बारेमा सत्य तथ्य पत्ता लगाउने उद्देश्य अनुसार विश्लेषण गर्न प्रस्तुत शोध कार्य आफैमा चुनौति पूर्ण रहेको छ ।

### १.३ अध्ययनको औचित्य

कुनैपनि अध्ययन अनुसन्धान गर्नुका पछाडि आ-आफ्नै प्रकारको औचित्य रहेको हुन्छ । विद्यालय तहमा गुणस्तर विकासका लागि व्यवस्थापनको आफ्नै महत्व रहेको छ । यस अध्ययन अनुसन्धानबाट स्थानीय शिक्षकले विद्यालयको शिक्षण कार्य तथा विद्यार्थीको चौतर्फी विकासमा खेलेका भूमिकाहरु पत्ता लगाई शैक्षिक उपलब्धिमा स्थानीय शिक्षकको प्रभावका बारेमा अध्ययन अनुसन्धान गर्नु यस अध्ययनको प्रमुख औचित्य रहेको छ ।

शिक्षाको गुणस्तर विकासका लागि विद्यालयमा के कसरी व्यवस्थापन गर्ने ? कस्ता कस्ता विषयको लागि कस्ता कस्ता शैक्षिक सामग्री हुन्छन् ? तिनीहरुको प्रभावकारी रुपमा कक्षाकोठामा कसरी उपयोग गर्ने ?, अभिभावकलाई शिक्षाप्रति कसरी सचेत गरउने भन्ने जस्ता क्रियाकलापमा स्थानीय शिक्षकको भूमिका अपरिहार्य रहने देखिन्छ । शैक्षिक गुणस्तर प्रवर्द्धनमा स्थानीय शिक्षकको भूमिका शीर्षकमा तयार पारिएको प्रस्तुत शोधपत्रको औचित्यलाई निम्नानुसार बुँदागत गरिएको छ :

क) व्यवस्थित ढंगबाट अध्यापन गराई विद्यार्थीहरुमा सिकाइ दिगो, स्पष्ट र व्यवहारिक बनाउन सहयोग पुऱ्याउँनेछ ।

ख) समयानुकूल विद्यालयका शैक्षिक, भौतिक पक्षको विकास गरी विश्वव्यापीकरणको वर्तमान समयमा आफ्ना शैक्षिक उत्पादन गुणस्तरीय बनाउन सहयोग पुग्नेछ ।

ग) स्थानीय शिक्षकमा रहेका कमी कमजोरीहरुको बारेमा जानकारी प्रदान गरी भोलिका दिनमा थप सुधार गर्न सहयोग पुग्नेछ ।

घ) भोलिका दिनहरुमा यस अध्ययन अनुसन्धानसँग सम्बन्धित रहेर अध्ययन अनुसन्धान गर्न चाहने जो कोहीका लागि पनि सन्दर्भ ग्रन्थका रुपमा उपयोगी सिद्ध हुनेछ ।

## १.४ अध्ययनको उद्देश्य

अध्ययनका उद्देश्यहरू निम्न छन् :

१) स्थानीय शिक्षकले खेलेको भूमिकाको वर्तमान अवस्था पहिचान गर्नु ।

२) शैक्षिक गुणस्तर प्रवर्द्धनमा शिक्षकको स्थानीयताले पार्ने प्रभावहरु विश्लेषण गर्नु ।

३) स्थानीय शिक्षकको परिचालनबाट शैक्षिक गुणस्तर प्रभावकारी बनाउने उपायहरु सुझाउनु ।

## १.५ अनुसन्धान प्रश्नहरु

प्रस्तुत शोधकार्यमा निम्नानुसारका अनुसन्धान प्रश्नहरु समावेश गरिएको छ ।

१) विद्यालयमा स्थानीय शिक्षकहरुको वर्तमान अवस्था के कस्तो रहेको छ ?

२) विद्यालयको शैक्षिक गुणस्तरमा स्थानीय शिक्षकको भूमिका के कस्तो छ ?

३) विद्यालयको शैक्षिक उपलब्धिमा शिक्षकको स्थानीयताले पार्ने प्रभावहरु के कस्ता हुन सक्छन् ?

४) स्थानीय शिक्षकको परिचालनबाट शैक्षिक गुणस्तरलाई प्रभावकारी बनाउने उपायहरु के के हुन सक्छन् ?

## १.६ अध्ययनका परिसिमाहरु

प्रस्तुत शोधपत्रमा विद्यालय व्यवस्थापन पक्ष र शैक्षिक गुणस्तरलाई नजिकबाट अध्ययन गर्दै देखिएका समस्याहरुलाई मध्यनजर गरेर प्राप्त राय, सुझाव र सल्लाह बमोजिम सामधानका उपायहरुको खोजि गरिएको छ । तर शोधकर्ताको सिमित स्रोत,

समय र साधनका कारण ठूलो क्षेत्रमा लामो समय लगाएर अध्ययन गर्न असहज रहेको हुँदा निम्न लिखित सीमा भित्र रहेर अध्ययन अनुसन्धान गरिएको छ ।

क) प्रस्तुत अध्ययन अनुसन्धानमा अध्ययनलाई उद्देश्यमुखी बनाउनका लागि तथ्यांक संकलनका प्राथमिक तथा द्वितीय स्रोतको प्रयोग गरि व्याख्या एवम् विश्लेषण गरिएको छ ।

ख) चितवन जिल्ला अन्तर्गत लंकु स्रोतकेन्द्रमा रहेका विद्यालयहरु मध्येमा गोलाप्रथा विधिका आधारमा (राष्ट्रिय मा.वि., कृष्णपुर श्री प्रेमवस्ती मा.वि, प्रेम वस्ती, श्री नारायणी नमुना मा.वि., भरतपुर, श्री मा.वि., गौरीगञ्ज गरी) जम्मा ४ विद्यालयलाई अध्ययनका लागि छनोट गरिएको छ, जसमा जम्मा विद्यार्थी ३८७२, शिक्षक संख्या १२७, वि.व्य.स. अध्यक्ष ४, स्रोतव्यक्ति १ जना तथा अभिभावक मध्येबाट सम्भावना रहित नमुना छनोट विधिका आधारमा प्रत्येक विद्यालयका वि.व्य.स. अध्यक्ष १ जनाका दरले ४ जना, शिक्षक २।२ का दरले ८ जना प्र.अ.१।१ जनाका दरले ४ जना र विद्यार्थी ५।५ का दरले २०, स्रोतव्यक्ति १ जना र अभिभावक २।२ जनाका दरले ८ जना गरी जम्मा ४५ जनालाई अध्ययनको जनसख्याका रुपमा छनोट गरिएको छ ।

ग) प्रस्तुत अध्ययनलाई उद्देश्य अनुसार पूर्णता प्रदान गर्न छनोटमा परेका जनसंख्यालाई छुट्टाछुट्टै प्रश्नावली भराई प्राप्त तथ्यांकको व्याख्या एवम् विश्लेषण गरिएको छ ।

घ) अध्ययन अनुसन्धानसँग सम्बन्धित हुने अनुसन्धनात्मक प्रतिवेदन, लेखरचना, पुस्तक, पत्रपत्रिका, इमेल इन्टरनेटबाट प्रयोग हुने तथ्यलाई पुनरावलोकनको रुपमा प्रयोग गरी अध्ययन एवम् अनुसन्धान गरिएको छ ।

# परिच्छेद दुई

# सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

अध्ययन अनुसन्धानलाई निष्कर्ष पुऱ्याउनका लागि वा पूर्णता प्रदान गर्नका लागि अनुसन्धान कर्ताले सो अनुसन्धानसँग सम्बन्धित आजभन्दा अगाडिका लेखरचना, समचार, पत्रपत्रिका तथा वुद्धिजिवीहरुका भनाइलाई आधार मान्नु आवश्यक रहन्छ । यस अध्ययन अनुसन्धानसँग सम्बन्धित हुने खालका विषयवस्तुहरु समय समयमा विभिन्न लेखक, सिद्धान्तकार, अध्ययन अनुसन्धानकर्ता आदिले अध्ययन एवम् अनुसन्धानहरु प्रकाशनमा ल्याएका छन् । अत : यस अनुसन्धानात्मक कार्यको औचित्यलाई पुष्टि गर्न सम्बन्धित अध्ययनको सैद्धान्तिक खाका र सम्बन्धित अनुसन्धानात्मक लेखहरुको अध्ययन अपरिहार्य भएकोले आजभन्दा अगाडिका सम्बन्धित लेखरचनाहरुलाई साहित्यको पुनरावलोकनका रुपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

एकातर्फ शिक्षकहरूको अभाव छ भने अर्कोतर्फ शिक्षकलाई स्थायी गर्ने र नगर्ने दुवै पक्षलाइ लिएर बेलाबलामा आन्दोलनहरू हुने गरेका छन् । स्थायी शिक्षकले राजिनामा दिँदा वा अवकाश पाएका बखत स्थानीय विद्यालय व्यवस्थापन समिति र जिल्ला शिक्षा कार्यालयबाट सरकारी दरबन्दीअन्तरगत अस्थायी शिक्षकहरू नियुक्त हुन्छन् र पछि गएर उही स्थायीको समस्या सृजना हुने गरेको तथ्यलाई विश्लेषण गर्नुका साथै शिक्षक नियुक्ति,सरुवा जस्ता कार्यहरु गर्दा विद्यालयलाई समायोजन हुने तथा अभिभावक र विद्यार्थीका धारणा बुझ्रेर कार्य गर्न सक्ने शिक्षक नियुक्ति गर्नु आवश्यक रहेको तथ्यलाई प्रस्तुत लेखमा विश्लेषण गरिएको छ, (पौडेल, २०७२) ।

सबैका लागि शिक्षा तथा सहस्राब्दी विकासका लक्ष्य जस्ता क्षेत्रमा नेपालले अन्तर्राष्ट्रिय मञ्चमा अभिव्यक्त गरेको प्रतिवद्धता एवम् राष्ट्रको परिवर्तित परिप्रेक्ष्यमा शिक्षामा समसामयिक सुधार गर्ने, सर्वसाधारणको पहुँच बढाउने र गुणस्तरीय शिक्षा प्रदान गर्ने जस्ता सबै कार्यक्रमहरूको कार्यान्वयन गर्ने निकाय विद्यालयहरू नै हुन् । विद्यालयलाई केन्द्र विन्दु बनाई सञ्चालित कार्यक्रमहरूलाई बाल मैत्री वातावरणमा गुणस्तरीय शिक्षा प्रदान गर्न शिक्षक, विद्यार्थी र अभिभावक बिचको समन्वयलाई निरन्तरता दिनु अनिवार्य हुन्छ । पाठ्यक्रम र बाल बालिकाबिच रोचक र जीवन्त सम्बन्ध कायम राख्ने प्रमुख दायित्व शिक्षकको हो । शिक्षकको योग्यता, क्षमता र बालिकाको चाहनाबिचको समन्वयमा उत्साहजनक र गुणस्तरीय शिक्षाको प्रत्याभूति दिन सकिन्छ । त्यसकारण सामाजिक र आर्थिक रूपान्तरण गरी संवृद्ध नेपाल निर्माणका लागि शिक्षकको अन्य पेशा भन्दा बढी जिम्मेवारी र जवाफदेहिता छ । भनाइ पनि छ, समाजमा आकर्षक पेसा मानिएको एकजना डाक्टरले गल्ती गर्दा एक व्यक्तिको ज्यान गुम्न सक्छ, एक जना इन्जिनियरले गल्ती गर्दा भवन भत्किएर केही मानिसको जीवन जोखिम हुन सक्छ, तर एक जना शिक्षकको गल्तीले एक पुस्ताको भाग्य र भविष्य नै अन्धकार भई देशको उन्नति र प्रगतिमा गम्भीर आघात पुग्दछ । तसर्थ शिक्षण पेशालाई कम अरु शिक्षकको भूमिका बुझ्न नसक्नु ठूलो गल्ती हुन्छ । अतः बाल बालिकाहरूको चौतर्फी विकासका लागि आवश्यक बाल मैत्री विद्यालयको स्थापना तथा कक्षाकोठाको व्यवस्थापन एवम् सिकाइ क्रियाकलापहरूको स्तरीयता प्रदान गर्ने दायित्व शिक्षकमा रहन्छ । यसका साथै विद्यालयका अन्य गतिविधिमा हौसलापूर्वक सहभागिता जनाउने उर्जाशील शिक्षक मैत्री वातावरणमा मात्र बाल मैत्री विद्यालयको परिकल्पना साकार हुने हुदाँ विद्यार्थीको व्यहार र वातवारण अनुकुल समायोजन हुन सक्ने शिक्षकबाट अध्यापन गर्नु आवश्यक रहेको तथ्यलाई लेखमा विश्लेषण गरिएको छ । प्रस्तुत लेखमा विश्लेषण गरिएको तथ्य अनुसार शिक्षक अभिभावक र विद्यार्थीमा घुलन मिलन भएको हुनु पर्ने कुरालाई समेत विश्लेषण गरिएको छ, (गर्तौला, २०७१)।

शिक्षा कुनै पनि व्यक्तिको जन्मसिद्ध अधिकार नभइकन त्यो आर्जित बस्तु हो । बालकले जुन जस्तो बातावरण पायो त्यसकै आधारमा नै उसले ज्ञान आर्जन गरिरहेको हुन्छ । ज्ञान आर्जन गर्ने  क्रममा उसले प्रयोग गर्न पाउने शैक्षिक सामग्री, उसको व्यवहार, बोलिचालि जस्ता विविध पक्षले नितान्त महत्वपूर्ण भूमिका निर्वाह गर्ने हुँदा कुनै पनि बालबालिकामा देखिएका आवश्यकताको परिपूर्ति गरेर उसमा देखिएका कमी कमजोरीको विस्तारै न्यूनीकरण गर्दै लैजानु आवश्यक रहन्छ जसका लागि शिक्षकले बालकको अवस्थालाई बुझ्रेर व्यवहार गर्नु आवश्यक रहन्छ । बालकको घरायसी वातावरण तथा उसको रुचिका बारेमा जानकारी प्राप्त शिक्षकले नै गुणस्तरीय शिक्षा प्रदान गर्न सक्छन्, (भट्टराई,२०७२) ।

शैक्षिक ब्यवस्थापनको सम्बन्धमा विद्यालयहरु पूरा समय सञ्चालन नरहने गरेकोले प्र.अ. द्धारा विद्यालय समयसम्म सञ्चालन गराउनु पर्ने, विद्यालयमा शैक्षिक सामग्री, पाठ्य सामग्री तथा सहायक सामग्रीको ब्यवस्था गर्नुपर्ने, विद्यालय भित्र प्रत्येक शिक्षक तथा कर्मचारिमा उत्तरदायि भावनाको अभाव रहेको पाईन्छ त्यसैले यस सम्बन्धमा आवश्यक कदम चाल्नुपर्ने, विद्यालय हाता, कक्षाकोठा र अन्य कोठाहरु ब्यवस्थित गर्नुपर्ने, आर्थिक रुपमा विद्यालयहरु केन्द्रमुखि भएको पाईन्छ, त्यसो नभई विद्यालयलाई आत्ममुखि बनाउनु पर्ने, विद्यालय ब्यवस्थापन समितिलाई सक्रिय बनाई सम्भव भए सम्म जनसहभागिता बढाउनुपर्ने कुराहरुमा जोड दिएको पाईन्छ, (रा.शि.आ. २०४९) ।

औपचारिक शिक्षाको सबैभन्दा तल्लो निकायका रूपमा विद्यालय रहने भएकाले विद्यालयको गुणस्तर बढ्नु भनेको समग्र शिक्षाको गुणस्तर बढाउनका लागि आधार प्रदान गर्नु हो । विद्यालयको गुणस्तरले विशेषगरी विद्यालयको उत्कृष्टता वा सर्वोच्चतालाई समेट्ने भए तापनि यो आफैमा सापेक्ष रहन्छ । त्यसैले एक समय, परिवेश र स्थानमा गुणस्तर कायम भएको विद्यालय अर्को समय, परिवेश र स्थानमा गुणस्तरविहीन बन्न सक्छ । विगतमा केवल सङ्ख्यात्मक रूपमा बढी शिक्षा प्रदान गर्ने

विद्यालय नै गुणस्तरीय मानिन्थ्यो । तर आज सङ्ख्यात्मक रूपमाभन्दा पनि गुणात्मक शिक्षा वा शैक्षिक उत्कृष्टता हासिल गर्नुका साथै भूमण्डलीकरण  र आधुनिकीकरण लाई समेट्नुपर्ने धारणा आएको र स्थानीयता र भूमण्डलीयता को बिचमा सम्मिश्रण हुने गरी भूस्थानीयताको ज्ञान हासिल गर्न सक्ने दक्ष शैक्षिक जनशक्ति उत्पादन गर्ने विद्यालयहरू गुणस्तरीय ठहरिने छन् । विद्यालयमा प्रभावकारी नेतृत्व, योग्य, क्षमतावान, प्रतिष्ठित, लगनशील र समर्पित शिक्षकका साथै उत्कृष्ट र सान्दर्भिक पाठ्यक्रम, सरल र सहज शैक्षिक सामग्री, मैत्रीपूर्ण विद्यालय, शैक्षिक वातावरण, स्तरीय परीक्षा प्रणालीले नै गुणस्तरीय विद्यालयको चित्रण गर्दछ भन्ने कुरालाई विश्लेषण गर्दै जतिसुकै सुविधा सम्पन्न विद्यालय भए पनि शिक्षकले विद्यार्थीको वास्तविकता बुझ्न सक्ने र अभिभावकसँग घुलमिल हुन सक्ने भएनन् भने शैक्षिक गुणस्तर प्रभावकारी नहुने कुरालाई लेखमा विश्लेषण गरिएको छ, (थापा,२०७२)

नेपालको वर्तमान शिक्षाको आवश्यकता जति फराकिलो छ त्यहि अनुरुप यसको विगत साँगुरिदै गएको छ । इतिहास त्यस्तो अनुभव र गोरेटो हो जसलाई पछ्याउदै नेपालको शिक्षा प्रणाली अहिलेको अवस्थामा आईपुगेको छ । यो अवस्थामा आईपुग्न यसले असंख्य बाटो छिचोल्दै कतै चिप्लदै त कतै भुल गर्दै हिड्नु परेको थियो । नेपालको विगत शिक्षाको अवसरबाट पटक्कै बञ्चित थिएन । कुनै न कुनै शिक्षा प्रणालीबाट यो मुलुक अवश्य अभिप्रेरित थियो,(वाग्ले तथा अन्य २०५७) ।

विद्यालय शिक्षा भनेको नितान्त औपचारिक शिक्षा भएको हुँदा उक्त क्षेत्रमा व्यवस्थापन पक्षको भूमिका अपरिहार्य रहेको हुन्छ । कुनै पनि ठाउँको व्यवस्थापन पक्ष सबल रहन सकेन भने संस्थाले उपलब्धि हासिल गर्न नसक्ने कुरामा पूर्ण रुपमा विश्वास गर्न सकिन्छ ।  आजका बालबालिका भनेका भालिका आशातित व्यक्तित्व रहेको हुँदा उनीहरुलाई के कसरी राम्रो बाटोमा हिँडाउने भन्ने कुराको जिम्मेवारी अभिभावकको त हुन्छ नै त्यसका साथ साथै सम्पूर्ण शिक्षक एवम् विद्यालयका व्यवस्थापन पक्षको

भूमिका उत्तीकै अपरिहार्य रहने कुरालाई लेखमा उजागर गरिएको छ । प्रस्तुत लेखमा शिक्षकलाई एक मालिका रुपमा विश्लेषण गरिएको छ । जसरी एउटा मालिले आफ्नो बगैँचालाई हराभरा बनाएको हुन्छ त्यसैगरी विद्यार्थीलाई शिक्षा दिएर हराभरा बनाउने काम भनेको शिक्षकको हुन्छ । विद्यार्थीलाई उचित तवरले उनीहरुको इच्छा तथा घर र परिवेशलाई बुझ्रेर शिक्षण गर्नका लागि शिक्षक उक्त विद्यालय वरपर नै बसोबास गर्ने भएमा अझ्र बढी घरयासी वातवारण सृजना हुनगई सिकाइ प्रभावकारी हुने कुरालालाई लेखमा विश्लेषण गरिएको छ, (सापकोटा,२०७२) ।

बालबालिकाले शिक्षा आर्जन गर्ने काम घर लगायत अन्यत्र क्षेत्रबाट पनि गरि रहेका हुन्छन् । शिक्षा भनेको त्यो हो जुन जन्मदेखि मृत्युप्रयन्त चलिरहन सक्दछ । जे जस्तो भए पनि औपचारिक शिक्षा भनेको विद्यालय शिक्षालाई नै लिन सकिन्छ । विद्यालय शिक्षामा भने विद्यालयमा विद्यार्थीलाई के कसरी अध्यापन गराउने भन्ने पूर्ण जिम्मेवारी भनेको शिक्षकहरुको नै रहेको हुन्छ । जसमा अभिभावक पनि उत्तीकै जिम्मेवारी हुन आवश्यक रहेको तथ्यलाई लेखमा विश्लेषण गरिएको छ, (पराजुली, २०७२) ।

चेपाङ बालबालिकाको शैक्षिक व्यवस्थापन नामक शीर्षकमा तयार गरिएको प्रस्तुत शोधपत्रमा शोधकार्यलाई उद्देश्य अनुसार पूर्णरुप प्रदान गर्नका लागि गुणात्मक अनुसन्धान ढाँचामा आधारित भएर प्राप्त तथ्यको व्याख्या एवम् विश्लेषण गरिएको छ । कुनै पनि बालबालिकाहरुले सिक्ने प्रमुख स्थल भनेको विद्यालय नै भएको हुँदा विद्यालयबाट नै उसले औपचारिक ज्ञान हासिल गरेको हुन्छ । औपचारिक ज्ञान हासिल गर्नका लागि सिकारुलाई के कसरी सिकाउने, शिक्षक विद्यार्थी बिचको सम्बन्ध कसरी सुमधुर बनाउने भन्ने जस्ता कुराहरुमा व्यवस्थापकीय पक्षको भूमिका रहने हुँदा उसमा देखा परेका समस्याहरुलाई पहिचान गरेर सोही अनुसार समाधानका उपाय पहिल्याई सुधार गर्न सकेका खण्डमा बालबालिकाको शैक्षिक उपलब्धि सम्भव देखिने कुरालाई शोधपत्रमा विश्लेषण गरिएको छ । चेपाङ बालबालिकाहरुलाई अध्यापन गराउँदा चेपाङ शिक्षक भएमा अझ्रबढी प्रभावकारी हुने कुरालाई शोधकार्यमा विश्लेषण गर्नुका साथै

भोलिका दिनमा शैक्षिक उपलब्धि वृद्धि गर्नका लागि स्थानीय चेपाङ शिक्षकबाट अध्यापन हुन सकेमा विद्यार्थीका भावना अनुसार अध्यापन गर्न सक्ने भन्ने जस्ता तथ्यहरु समेत शोधपत्रमा उल्लेख गरिएको छ , (सिलवाल, २०७१) ।

शैक्षिक अनियमितताको अन्त्यको आवश्यकता नामक लेखमा उल्लेख भए अनुसार शिक्षक सरुवा गर्दा योग्य शिक्षकलाई प्राथकिमता दिनु पर्ने कुरामा जोड दिइएको छ । विशेष गरी विवादरहित ढंगबाट शिक्षकको सरुवा हुन सकेका खण्डमा सरुवा भइ आउने शिक्षकमा शिक्षण क्रियाकलाप प्रति उपयुक्त वातावरण तयार हुन सक्ने भन्ने तथ्यको विश्लेषण गर्दै प्रस्तुत लेखले प्राय शिक्षकहरुले सरुवा गर्ने क्रममा आफ्नो घर पायक मिलाउने तथा आफ्नो छरछिमककै विद्यालयमा अध्यापन गरी शैक्षिक गुणस्तर सुधार गर्ने अभिप्रायले सरुवा माग गरेका हुन्छन् भने केही शिक्षकहरु नीजि स्वार्थको लागि पनि सरुवा माग गर्ने गर्दछन् भन्ने निष्कर्ष प्रदान गरेको छ, (शर्मा, २०७४) ।

अहिलेको जटिल समस्या भनेको बालबालिकाहरुले आफूले भोलिका दिनमा के पढ्दा के हुन्छ भन्ने बारेमा जानकारी नहुनु हो जसले गर्दा बालबालिकाहरुले स्कुले दिनहरुमा केवल समय विताउने तरिकाले अध्ययन गरि रहेका हुन्छन् । भोलि गएर उच्च शिक्षामा पुगेपछि बल्ल उनीहरुलाई यो थाहा हुन्छ कि कुन विषय पढ्दा के हुँदो रहेछ, समय विते पछिको खेती भनेजस्तो स्कुले तह वितेसकेपछि उनीहरुलाई बल्ल पाश्चताप हुन थाल्दछ कि हिजोका दिनमा राम्रो पढेर राम्रो प्रतिशत ल्याउन सकेका भए अहिले प्राविधिक विषय पढ्न पाइने थियो, साइन्स पढ्न पाइने थियो । जब बाबुनानीहरु कक्षा ८ मा प्रवेश गर्दछन् उनीहरुलाई उचित संरक्षणको आवश्यक हुनका साथै उसलाई उत्प्रेरणाको आवश्यकता पनि उत्तीकै मात्रा रहेको हुन्छ तर अभिभावकको व्यस्तताका कारणले बाबुनानीहरुलाई उचित संरक्षण गर्न नपाउँदा पनि समस्या बढ्दो अवस्थामा गएको छ भने विद्यालयमा उचित व्यवस्थापन हुन नसकेकै कारणले नतिजा खस्केको तथ्य भेट्न सकिन्छ, (न्यौपाने, २०६८) ।

## २.३ अध्ययनको सैद्धन्तिक खाका

शैक्षिक उपलब्धिमा शिक्षकको स्थानीयताको प्रभाव नामक शीर्षकमा आधारित भएर अध्ययन गरिएको यस अध्ययनमा सहभागिताको सिद्धान्तलाई अवलम्बन गरिएको छ । यस सिद्धान्तलाई एक्स र वाई सिद्धान्त पनि भनिन्छ । यसका प्रतिपादक प्रोफेसर डग्लास एम.सी. ग्रेगर हुन् ? उनले औद्योगिक संगठनमा मानवीय व्यवहारको सम्बन्धमा दुई परस्पर विरोधी विचार धाराको प्रतिपादन गरेका छन् ।

उनले व्यक्तिमा हुने नकारात्मक स्वभाव वा पक्षलाई एक्स सिद्धान्तको रुपमा र सकरात्मक बानी व्यहोरा विचार र स्वभावलाई वाई सिद्धान्तको नाम दिइ प्रस्तुत गरेका छन् । यस धारणा अन्तर्गत विद्यालय सुधार कार्यक्रम र विद्यालयमा शैक्षिक वातावरण कायम गराई गुणस्तरीय उपलब्धि वृद्धि गराउन प्र.अ., शिक्षक, विद्यार्थी., वि.व्य.स., स्रोत व्यक्ति एक्लै एकाङ्गी सोच र तरिकाबाट यो लक्ष प्राप्त गर्न कठिन हुन्छ भन्ने हो । सहभागितामूलक क्रियाकलापले सिकाइ शिक्षणको वातावरण खुल्ला गरिदिन्छ जसमा विद्यालय, प्र.अ., शिक्षक, सुपरिवेक्षक तथा विद्यार्थी सबैले आफूलाई संलग्न गर्न सक्दछन् । एक अर्काको कार्य प्रणाली बुझ्ने मौका पाउँछन्,  सिकाइको वातावरण को विश्लेषण गर्न सघाउन सक्छन् र आत्म निरीक्षण गर्न पाउँछन् । विद्यालयमा यान्त्रिकतालाई स्थान नदिई  चिन्तन र विचारलाई स्थान दिइन्छ अर्थात प्र.अ., शिक्षक, विद्यार्थी र सुपरिवेक्षक शैक्षिक प्रशासनका आवश्यकता पूर्ती गर्ने हतियार मात्र नभई आफ्नै सोच, समझ र आवश्यकता भएका चेतनशील प्राणी भएकाले उनीहरु सबैको सहभागिताबाट नै शैक्षिक क्षेत्रका समस्यालाई कम गर्न सकिन्छ भन्ने विश्वास लिइएको छ ।

सहभागितामूलक सिद्धान्तको केन्द्रमा विद्यार्थीको व्यवहार प्रणाली रहेको हुन्छ र शिक्षण व्यवहारको अन्तरक्रिया यसैसँग भएर शैक्षणिक सुधार सम्भव हुन्छ । शिक्षण सिकाइ प्रक्रियामा निर्णायक तत्व शिक्षक नभएर विद्यार्थी भएको मानिन्छ । सिकाइ भनेको शिक्षक र विद्यार्थी बीचको सहभागिता मूलक प्रक्रिया हो, त्यसैले सहभागिता मूलक

प्रक्रियाले शिक्षण सिकाइ कार्यमा सहयोग गर्दछ । साझा लक्ष र उद्देश्य प्राप्तिका लागि प्र.अ., शिक्षक, विद्यार्थी, वि.व्य.स., वि.नि./स्रोत व्यक्ति एकै ठाउँमा मिलेर कार्य गर्ने वातावरण तयार गर्दछ । विद्यालयमा सहकार्य र सहयोगको सम्बन्ध बढी शिक्षक शिक्षक बीच, शिक्षक प्र.अ. बीच, शिक्षक विद्यार्थी, वि.व्य.स. बीच समन्वय स्थापना भई संस्थाको विकासमा ठूलो सहयोग पुग्दछ । शैक्षिक गुणस्तर प्रवर्द्धनमा स्थानीय शिक्षकको भूमिका शीर्षकमा गरिएको प्रस्तुत शोधकार्यमा पनि शिक्षक स्थानीय हुँदा शिक्षामा के कस्तो प्रभाव परेको छ? शिक्षक विद्यार्थी बिचमा सुमधुर सम्बन्ध कायम हुन सकेको छ कि छैन भन्ने जस्ता कुराहरुको बारेमा जानकारी प्राप्त गर्नका लागि थप सहयोग हुने हुँदा प्रस्तुत शोध कार्यमा सहभागिता मूलक सिद्धान्त लाई आधार मानिएको छ ।

## २.३ पुनरावलोकनको शैक्षिक उपादेयता

शैक्षिक गुणस्तर प्रवर्द्धनमा स्थानीय शिक्षकको भूमिका शीर्षकमा अध्ययन गरिएको प्रस्तुत शोधपत्रलाई उद्देश्य अनुसार पूर्णता प्रदान गर्नका लागि आजभन्दा अगाडि यस शोधपत्रसँग सम्बन्धित हुने खालका विभन्नि विद्वानका लेखरचना, पत्रपत्रिका, शोधपत्रलाई अध्ययन गरी साहित्यको पुनरावलोकनको रुपमा समीक्षा गरिएको छ । यसरी अध्ययन गरिएको साहित्यको पुनरावलोकनको सहायताले विद्यालयको शैक्षिक व्यवस्थापनमा गुणस्तरीयता र सुधार नआउनुको कारण, समुदायको दृष्टिकोण, पुस्तकालय, खेलमैदान, फर्निचरहरु बालमैत्री हुन सकेका छन् कि छैनन् भन्ने जस्ता कुराको तथ्य पत्ता लगाई शोधपत्रलाई व्यवहारिक एवम् वस्तुनिष्ठ बनाउनका लागि थप सहयोग पुगेको छ । त्यसैगरी प्रोफेसर डग्लास एम.सी. ग्रेगरको सहभागितामूलक सिद्धान्तलाई आधार मानेर तथ्य संकलन गरी सोही अनुसार व्याख्या एवम् विश्लेषण गरेर उद्देश्य अनुसार पूर्णता प्रदान गर्नका लागि सहयोग पुगेको छ ।

# परिच्छेद तीन

# अध्ययन विधि

प्रस्तुत अध्ययनलाई पूर्णता प्रदान गर्नको लागि शोधकर्ताले अनुसन्धान कार्यका लागि गुणात्मक ढाँचा अनुसारको शोध विधि प्रयोग गरिएको छ । यस अध्ययनको लागि गोला प्रथा तथा सम्भावना रहित नमूना छनोटविधि अन्तर्गत उद्देश्यपूर्ण नमूना छनोटविधि अपनाइएको छ । यसैगरी यस शोध अध्ययनको क्रममा प्राथमिक तथा द्धितिय गरी तथ्याङ्कका दुईवटा स्रोतलाई अवलम्बन गरिएको छ । यस अध्ययनको लागि नमूना छनोटमा परेका विद्यालयहरुका शिक्षक, अभिभावक, विद्यार्थी, वि.व्य.स अध्यक्षहरुसँग छलफल तथा अन्तरक्रिया गरी तथ्य प्राप्त गर्नका लागि निम्नानुसारको अध्ययन प्रक्रियालाई अपनाइएको छ ।

## ३.१ अनुसन्धानको ढाँचा

प्रस्तुत अनुसन्धानको उद्देश्य पुरा गर्नका लागि संकलन तथा विश्लेषण गरिएको तथ्याङ्कको स्वरुप सांख्यिक नभएर शाब्दिक रहेको छ । प्रस्तुत अनुसन्धान भावनात्मक र लचिलो प्रवृतिले सामान्यीकरण गर्न कठिन महसुस भएकोले त्यहाँको प्राकृतिक अवस्थामा नै अध्ययन गरिएको छ । प्रस्तुत अध्ययन गुणात्मक ढाँचाको अनुसन्धानमा आधारित भएकाले खुला प्रश्नावली, प्रत्यक्ष अवलोकन र लिखित दस्तावेजबाट प्राप्त तथ्याङ्क संकलन गरिएको छ । अन्तरवार्ताबाट प्राप्त तथ्याङ्कहरुमा मानिसका विचार धारणलाई वाक्यासंका रुपमा संकलन गरिएको छ ।

## ३.२ अध्ययनको जनसङ्ख्या र नमूना छनोट

चितवन जिल्ला अन्तर्गत लंकु स्रोतकेन्द्रमा रहेका विद्यालयहरु मध्येमा गोला प्रथा विधिका आधारमा (राष्ट्रिय मा.वि. कृष्णपुर, श्री प्रेमवस्ती मा.वि, प्रेमवस्ती, श्री नारायणी नमुना मा.वि., भरतपुर, श्री मा.वि., गौरीगञ्ज गरी) जम्मा ४ विद्यालयलाई

अध्ययनका लागि छनोट गरिएको छ, जसमा जम्मा विद्यार्थी ३८७२, शिक्षक संख्या १२७, वि.व्य.स. अध्यक्ष ४, स्रोतव्यक्ति १ जना तथा अभिभावक मध्येबाट सम्भावना रहित नमुना छनोट विधिका आधारमा प्रत्येक विद्यालयका वि.व्य.स. अध्यक्ष १ जनाका दरले ४ जना, शिक्षक २।२ का दरले ८ जना प्र.अ.१।१ जनाका दरले ४ जना र विद्यार्थी ५।५ का दरले २०, स्रोतव्यक्ति १ जना र अभिभावक २।२ जनाका दरले ८ जना गरी जम्मा ४५ जनालाई अध्ययनको जनसख्याका रुपमा छनोट गरिएको छ, जसलाई निम्नानुसारको तालिकामा विश्लेषण गरिएको छ :

**तालिका १**

**नमुना छनोट विवरण**

| विवरण | जम्मा संख्या (लंकू स्रोतकेन्द्र अन्तर्गत) | छनोट जनसंख्या | छनोट प्रक्रिया |
|---|---|---|---|
| विद्यालय | - | ४ | उद्देश्यपूर्ण |
| शिक्षक (४ वटा विद्यालयका) | १२७ | ८ | सम्भावना रहित नमुना छनोट विधि |
| विद्यार्थी (४ वटा विद्यालयका) | ३८७२ | २० | सम्भावना रहित नमुना छनोट विधि |
| प्र.अ. | ४ | ४ | उद्देश्यपूर्ण |
| वि.व्य.स अध्यक्ष | ४ | ४ | उद्देश्यपूर्ण |
| स्रोतव्यक्ति | १ | १ | उद्देश्यपूर्ण |
| अभिभावक | | ८ | सम्भावना रहित नमुना छनोट विधि |
| जम्मा | | ४५ | |

## ३.३ अध्ययन साधनको निर्माण

प्रस्तुत अध्ययनका क्रममा अध्ययन कार्यलाई उद्देश्य अनुसार पूर्णता गर्नका लागि निम्ननुसारका अध्ययन साधनको निर्माण गरिएको छ :

### ३.३.१ अन्तरवार्ता प्रश्नावली

छनोटमा परेका विद्यालयका शिक्षक, अभिभावक, प्र.अ., विद्यार्थी, विद्यालय व्यवस्थापन समिति अध्यक्ष, स्रोतव्यक्ति, प्रत्यक्ष भेट गरी अन्तरवार्ता प्रश्नावलीको प्रयोग गरी उनिहरुका काम कर्तव्य र अधिकारका साथै काम गर्दाको अनुभव, समस्या र सुझाव समेतमा आवश्यक जानकारीहरु संकलन गरिएको छ ।

### ३.३.२ अवलोकन फारम

छनोटमा परेका विद्यालयको शैक्षिक अवस्था, कक्षाकोठाको व्यवस्थापन, शिक्षण विधि, शैक्षिक सामग्रीको प्रयोग, शिक्षकहरुले प्राप्त गरेको तालिम तथा अनुभवहरु, प्राप्त तालिमको व्यवहारमा प्रयोग, विद्यार्थी मूल्याङ्कन, शिक्षक निर्देशिकाको प्रयोग जस्ता कार्यकलापहरुको वास्तविक तथ्य पत्ता लगाउनका लागि अवलोकन फारमको प्रयोग गरि सुचना संकलन गरिएको छ ।

## ३.४ तथ्याङ्क संकलनका स्रोतहरु

प्रस्तुत अनुसन्धानका क्रममा आवश्यक तथ्याङ्क एवम् जानकारी संकलन गर्नका लागि प्राथमिक र द्धितीय स्रोतको परिचालन गरिएको छ ।

### ३.४.१ प्राथमिक स्रोत

प्रस्तुत अध्ययन तथा अनुसन्धानको क्रममा तथ्याङ्क संकलनको प्राथमिक स्रोत अन्तरगत अवलोकन फारम तथा प्रश्नावली विधिलाई आधार बनाई शोधकर्ताको प्रत्यक्ष उपस्थितीमा तथ्याङ्क संकलन गरिएको छ ।

### ३.४.२ द्वितीय स्रोत

द्वितीय स्रोत अन्तरगत अनुसन्धानसंग सम्वन्धित विद्यालयका अभिलेखहरु, पत्रपत्रिकाहरु, लेख, रचनाहरु, बुलेटनहरु, प्रकाशित शोध पत्रहरु एवम् सम्बन्धित प्रतिवेदनहरुलाई आधारमानि तथ्याङ्क संकलन गरिएको छ ।

## ३.५ तथ्याङ्क संकलन विधि

प्राथमिक सुचना संकलनकालागि छनोट गरिएका विद्यालयका शिक्षक, प्र.अ., स्रोत व्यक्ति, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, विद्यार्थी प्रतिनिधिहरुसँग प्रत्यक्ष भेटघाट गरि  प्रश्नावलीका आधारमा सुचना संकलन गरिएको छ । यो अध्ययन अनुसन्धान विशेष गरि गुणात्मक प्रकृतिको हुने भएको हुँदा खुल्ला प्रश्नावली प्रयोग गरिएको छ । यस्तै गरि द्वितीय सुचना संकलनका लागि विभिन्न लेखहरु, पत्रपत्रिका, बुलेटिन, सोधपत्रहरु र सम्बन्धित विद्यालयका अभिलेख, ईमेल ईन्टरनेटबाट संकलन गरिएको छ ।

## ३.६. तथ्याङ्क  व्याख्या विश्लेषण प्रक्रिया

अध्ययनका लागि प्राथमिक र सहायक स्रोतहरूबाट संकलित तथ्याङ्कहरूलाई जस्ताको त्यस्तै प्रयोग गर्न सार्थक हुदैन । किनभने सुरुमा संकलन भएका तथ्याङ्कहरू कोरा अव्यवहारिक र अस्पष्ट हुन्छन् । त्यस्ता कोरा तथ्याङ्कहरूलाई आवश्यकता अनुसार प्रशोधन गरेर मात्र प्रयोग गर्नुपर्दछ । प्रस्तुत शोधपत्र मूलतः गुणात्मक ढाँचाको भएको हुँदा प्राथमिक तथा द्वितीय स्रोतबाट प्राप्त गरिएको तथ्याङ्कहरूलाई वर्णनात्मक तरिकाले व्याख्या र विश्लेषण गरिएको छ  ।

# परिच्छेद : चार

# तथ्याङ्कको व्याख्या तथा विश्लेषण

प्रस्तुत शोधकार्यमा चितवन जिल्ला अन्तर्गत लंकु स्रोतकेन्द्रमा रहेका विद्यालयहरु मध्येमा गोला प्रथा विधिका आधारमा (राष्ट्रिय मा.वि. कृष्णपुर, श्री प्रेमवस्ती मा.वि, प्रेमवस्ती, श्री नारायणी नमुना मा.वि., भरतपुर, श्री मा.वि., गौरीगञ्ज गरी) जम्मा ४ विद्यालयलाई अध्ययनका लागि छनोट गरिएको छ, जसमा जम्मा विद्यार्थी ३८७२, शिक्षक संख्या १२७, वि.व्य.स. अध्यक्ष ४, स्रोतव्यक्ति १ जना तथा अभिभावक मध्येबाट सम्भावना रहित नमुना छनोट विधिका आधारमा प्रत्येक विद्यालयका वि.व्य.स. अध्यक्ष १ जनाका दरले ४ जना, शिक्षक २।२ का दरले ८ जना प्र.अ.१।१ जनाका दरले ४ जना र विद्यार्थी ५।५ का दरले २०, स्रोतव्यक्ति १ जना र अभिभावक २।२ जनाका दरले ८ जना गरी जम्मा ४५ जनालाई अध्ययनको जनसख्याका रुपमा छनोट गरी छनोटमा परेका उत्तरदाताहरुबाट संकलित तथ्यांक तथा विद्यालयको अभिलेख र अन्य द्धितीय स्रोतबाट प्राप्त तथ्यहरुलाई  शोधपत्रको उद्देश्य अनुसार निम्नानुसारका विश्लेषण गरिएको छ ।

## ४.१ शैक्षिक गुणस्तर प्रवर्द्धनमा स्थानीय शिक्षकले खेलेको भूमिकाको वर्तमान अवस्था

वर्तमान अवस्थामा शिक्षालाई एक अमूल्य गहनाका रुपमा लिइँदै आइएको पाइन्छ । कुनै पनि बालबालिकाको शैक्षिक गुणस्तर के कसरी वृद्धि गर्ने भन्ने सन्भर्दमा शिक्षकको भूमिका अपरिहार्य रहेको पाइन्छ । शैक्षिक गुणस्तर प्रवर्द्धनमा स्थानीय शिक्षकको भूमिका नामक शीर्षकमा तयार पारिएको प्रस्तुत शोधपत्रमा अनुसन्धानका क्रममा छनोट गरिएका विद्यालयहरुमा स्थानीय शिक्षकहरुले विद्यालयको शैक्षिक गुणस्तर प्रवर्द्धनमा खेलेको भूमिकाकालाई निम्नानुसारका उपशीर्षकहरुमा विश्लेषण गरिएको छ ।

### ४.१.१ शैक्षिक सामग्री निर्माण तथा प्रयोग

शैक्षिक गुणस्तर प्रवर्द्धनमा स्थानीय शिक्षकको भूमिका शीर्षकमा अध्ययन गरिएको प्रस्तुत शोधपत्रमा शोधपत्रको पहिलो उद्देश्य अनुसार शैक्षिक गुणस्तर प्रवर्द्धनमा स्थानीय शिक्षकहरुले खेलेको भूमिकालाई शोधपत्रमा विश्लेषण गरिएको छ । जस अन्तर्गत शैक्षिक सामग्री निर्माण तथा प्रयोगमा के कस्तो भूमिका निर्वाह गर्दै आएका छन् भन्ने बारेको तथ्य प्राप्तिका लागि अनुसन्धानकर्ताको प्रत्यक्ष उपस्थितिमा गरिएको अध्ययन अवलोकन, अन्तरवार्ताबाट प्राप्त भएको तथ्य अनुसार छनोटमा परेका ४ वटा विद्यालयबाट प्राप्त तथ्यलाई भिन्दा भिन्दै रुपमा विश्लेषण गरिएको छ ।

छनोटमा परेको विद्यालय श्री प्रेमवस्ती मा.वि.मा अध्यापनरत स्थानीय शिक्षकहरुले विद्यार्थीको शैक्षिक गुणस्तर प्रवर्द्धनका लागि के कस्ता शैक्षिक सामग्री निर्माण तथा प्रयोग गर्दै आउनु भएको छ भनी शिक्षक तथा विद्यालय प्र.अ.सँग गरिएको प्रश्नावलीअनुसार शैक्षिक सामग्री निर्माणमा स्थानीय शिक्षकको भूमिका प्रभावकारी भएको तथ्य प्राप्त भएको थियो । विभिन्न स्थानीय तवरका शैक्षिक सामग्री निर्माण गर्न उहाँहरुको प्रयास अत्यन्त प्रभावकारी रहेको भन्ने जस्ता उत्तरहरु प्र.अ.बाट प्राप्त भएको छ । त्यसैगरी छनोटमा परेका शिक्षकहरुबाट प्राप्त भएको तथ्य अनुसार शैक्षिक सामग्री निर्माणमा स्थानीय शिक्षकको भूमिका प्रभावकारी भएको, गणित, विज्ञान, तथा सामाजिक जस्ता विभिन्न विषयहरुको शैक्षिक सामग्री निर्माण गरी शिक्षकले कक्षाकोठामा समेत प्रयोग गर्दै आएको तथ्य अध्ययनका क्रममा जानकारी प्राप्त भएको छ ।

प्रेमवस्ती माध्यमिक विद्यालयमा विद्यालयका अभिभावक, वि.व्य.स. अध्यक्ष तथा विद्यार्थीहरुबाट प्राप्त भएको तथ्य अनुसार अन्य शिक्षकको तुलनामा स्थानीय शिक्षकले नै शैक्षिक सामग्री निर्माणमा बढी प्रभावकारी भूमिका निर्वाह गरेको भन्ने उत्तर प्राप्त भएको थियो । विद्यालयको कमजोर आर्थिक अवस्था, राख्ने ठाउँको अभाव जस्ता कुराहरुले गर्दा बजारबाट खरिद गरेर ल्याउनु पर्ने शैक्षिक सामग्री विद्यार्थीका सामु

प्रयोग गरी देखाउन सहजता नभएको भन्ने उत्तर समेत छनोटमा परेका विद्यालयका शिक्षकहरुबाट जानकारी प्राप्त भएको थियो । यस विद्यालयमा शैक्षिक सामग्री निर्माण तथा प्रयोग सम्बन्धमा अध्ययन गर्दा निर्माण तथा प्रयोगको अवस्था पर्याप्त नरहे पनि तुलनात्मक रुपमा स्थानीय शिक्षकहरुले प्रभावकारी भूमिका निर्वाह गर्दै आएको पाइयो ।

छनोटमा परेको विद्यालय श्री नारायणी नमुना माध्यमिक विद्यालयमा शैक्षिक गुणस्तर प्रवर्द्धनका लागि स्थानीय शिक्षकले खेलेको भूमिका अन्तर्गत शैक्षिक सामग्री निर्माण तथा प्रयोगको अवस्था के कस्तो रहेको छ भन्ने बारेमा गरिएको अध्ययन अनुसन्धानअनुसार यस विद्यालयमा पनि शैक्षिक सामग्री निर्माण कार्यका लागि स्थानीय शिक्षकहरु प्रयासरत रहेको भन्ने जस्ता उत्तरहरु प्राप्त भएको थियो । विद्यालयमा स्थानीय शैक्षिक सामग्री निर्माण शिक्षकहरुले विद्यार्थीलाई समेत लगाएर निर्माण गर्दै आएको तथ्य अध्ययनका क्रममा जानकारी प्राप्त भएको थियो । विषयवस्तुसँग सम्बन्धित बजारबाट खरिद गरेर ल्याउनु पर्ने शैक्षिक सामग्री खरिदका लागि समेत विद्यालय प्रशासनमा जानकारी गराउँदै आएको तथ्य अध्ययनका क्रममा विद्यालय प्र.अ. तथा वि.व्य.स. अध्यक्षबाट जानकारी प्राप्त भएको थियो ।

विद्यालयमा अध्यापनरत स्थानीय शिक्षकहरुले शैक्षिक सामग्रीको प्रयोग के कसरी गर्दै आउनु भएको छ भन्ने सन्दर्भमा प्रश्नावलीबाट प्राप्त भएको तथ्य तथा अवलोकनबाट प्राप्त भएको जानकारी अनुसार निर्माण गरिएका सामग्रीहरुलाई समय सयमा अध्यापन कार्य गर्दा कक्षाकोठामा समेत प्रयोग गरी दृश्यात्मक सामग्रीको प्रयोग गरी विद्यार्थीलाई अध्यापन गराउँदै आएको पाइयो । विद्यालयमा स्थानीय शिक्षकहरुले शैक्षिक सामग्री निर्माणका लागि प्रयासरत रहँदै आएको, कक्षाकोठामा प्रयोग समेत गर्दै आएको भए पनि राख्ने ठाउँको अभाव र आर्थिक अवस्था जस्ता कुराहरुले गर्दा पर्याप्त मात्रामा प्रयोग गर्न नसकिएको भन्ने उत्तर समेत अध्ययनका क्रममा जानकारी प्राप्त भएको थियो ।

अध्ययनका क्रममा छनोटमा परेको अर्को विद्यालय श्री राष्ट्रिय मा.वि., कृष्णपुरमा शैक्षिक गुणस्तर प्रवर्द्धनका लागि स्थानीय शिक्षकहरुले शैक्षिक सामग्री निर्माण तथा प्रयोगमा के कस्तो भूमिका निर्वाहगर्दै आएका छन् भन्ने बारेमा विद्यालय व्यवस्थपन समितिका अध्यक्ष, शिक्षक, विद्यार्थी, अभिभावक तथा प्र.अ.बाट प्राप्त भएको जानकारी अनुसार यस विद्यालयमा शिक्षकलाई पिरियडभार धेरै, विद्यालयको कमजोर आर्थिक अवस्था, विद्यार्थी संख्या अत्यन्त कम जस्ता कुराहरले गर्दा प्रभावकारी ढंगबाट शैक्षिक सामग्री निर्माण गर्न नसकिएको भन्ने जस्ता उत्तरहरु प्राप्त भएको थियो । स्थानीय शिक्षकहरु स्थानीय स्तरबाट बनाउन मिल्ने किसिमका शैक्षिक सामग्रीहरु निर्माण गर्दै आएको भए पनि त्यो प्रयाप्त मात्रामा निर्माण हुन नसकेको पाइयो । राख्ने ठाउँको अभावका कारण निर्माण गरिएका सामग्रीहरु पनि धेरै समय सम्म टिकाउ नभएको, उचित व्यवस्थापन हुन नसक्दा खोजेको समयमा नपाइने जस्ता समस्याले गर्दा प्रभावकारी ढंगबाट प्रयोग गर्न नसकेको तथ्य अनुसन्धानकर्ता विद्यालयमा प्रत्यक्ष उपस्थित भइ गरिएको अध्ययन अबलोकनबााट जानकारी प्राप्त भएको थियो ।

अध्ययन तथा अनुसन्धानका क्रममा छनोटमा परेको विद्यालय श्री मा.वि.,गौरीगञ्जमा स्थानीय शिक्षकहरुले शैक्षिक सामग्री निर्माण तथा प्रयोगमा के कस्तो भूमिका निर्वाह गर्दै अउनु भएको छ भन्ने सन्दर्भमा  गरिएको छलफल तथा अन्तरक्रियाबाट प्राप्त भएको तथ्य अनुसार यस विद्यालयमा रहेका स्थानीय शिक्षकहरुबाट शैक्षिक सामग्री निर्माणका लागि प्र.अ. तथा वि.व्य.स. अध्यक्षलाई जानकारी दिँदै आएको पाइयो । यस विद्यालयमा शैक्षिक सामग्री निर्माण तथा प्रयोगको अवस्था प्रभावकारी हुन नसकेको पाइयो ।

छनोटमा परेका ४ वटै विद्यालयमा शैक्षिक गुणस्तर प्रवर्द्धनका लागि स्थानीय शिक्षकहरुले शैक्षिक सामग्री प्रयोग तथा निर्माणमा के कस्तो भूमिका निर्वाह गर्दै आएका छन् भन्ने सन्दर्भमा गरिएको अध्ययन अनुसन्धान अनुसार छनोटमा परेको विद्यालय प्रेमवस्ती मा.वि. र नारायणी नमुना मा.वि. मा तुलनात्मक रुपमा शैक्षिक

सामग्री निर्माण तथा प्रयोगको अवस्था राम्रो रहेको पाइयो । त्यसैगरी छनोटमा परेका २ वटा विद्यालयहरु गौरिगगञ्ज मा.वि. र राष्ट्रिय मा.वि. कृष्णपुरमा शैक्षिक सामग्री प्रयोग तथा निर्माणको अवस्था प्रभावकारी हुन नसकेको पाइयो । समग्रमा हेर्दा छनोटमा परेका ४ वटै विद्यालयमा विद्यालयको कमजोर आर्थिक अवस्था, राख्ने ठाउँको अभाव जस्ता कुराहरुले गर्दा निर्माण गरिएका सामग्री पनि प्रभावकारी ढंगबाट प्रयोग गर्न नसकेको तथ्य प्राप्त भएको छ ।

### ४.१.२ विद्यार्थी अनुशासन

शैक्षिक गुणास्तर प्रवर्द्धनमा स्थानीय शिक्षकको भूमिका के कस्तो रहेको छ भन्ने सन्दर्भलाई आधार मानी शोधकार्यको पहिलो उद्देश्य अनुसार विश्लेषण गर्ने क्रममा छनोटमा परेका विद्यालयहरुमा विद्यालय व्यवस्थापन समिति अध्यक्ष, प्र.अ., शिक्षक, विद्यार्थी तथा अभिभावकसँग गरिएको छलफल अन्तरक्रिया बाट प्राप्त भएको तथ्य अनुसार विद्यार्थी अनुशासन कायम गर्ने कार्यमा श्री प्रेमवस्ती मा.वि.मा स्थनीय शिक्षकहरुले के कस्तो भूमिका निर्वाह गरेका छन् भन्ने सन्दर्भमा गरिएको छलफल तथा अन्तरक्रिया अनुसार विद्यार्थीलाई अनुशासन कायम राख्नका लागि मनिटर चयन गर्ने कार्यमा स्थानीय शिक्षकले प्रभावकारी भूमिका निर्वाह गरेको भन्ने उत्तर विद्यालयका प्र.अ.बाट जानकारी प्राप्त भएको थियो ।

विद्यार्थीहरु टिफिनको समय र मिनिटिफिनको समयमा बाहेक अन्य समयमा बाहिर जाने, हो हल्ला गर्ने जस्ता क्रियाकलापलाई नियन्त्रण गर्नका लागि पनि अन्यत्रबाट आउने शिक्षकको तुलनामा स्थानीय शिक्षकको भूमिका प्रभावकारी रहेको तथ्य अध्ययनका क्रममा जानकारी प्राप्त भएको छ । कुनै पनि विद्यार्थीले विद्यार्थीको आचार संहिता भन्दा बाहिर काम गरेका खण्डमा सो विद्यार्थीलाई अफिसमा ल्याएर तथा आफ्नै तवरबाट सम्झाउने, बुझाउने तथा कारवाही गर्ने र अभिभावक समक्ष जानकारी गराउने गरेको भन्ने जस्ता उत्तर समेत अध्ययननका क्रममा जानकारी प्राप्त भएको थियो ।

छनोटमा परेको विद्यालय श्री राष्ट्रिय मा.वि.,कृष्णपुरमा विद्यार्थीलाई अनुशासन कायम गर्नका लागि स्थानीय शिक्षकले के कस्तो भूमिका निर्वाह गर्दै आएका छन् भन्ने सन्दर्भमा गरिएको छलफल अन्तरक्रिया तथा एवम् अध्ययन अवलोकनबाट प्राप्त भएको तथ्य अनुसार यस विद्यालयमा विद्यार्थीलाई अनुशासनमा राख्नका लागि सबै शिक्षकहरुले उत्तीकै मात्रामा भूमिका निर्वाह गर्ने गरेको भन्ने जस्ता उत्तर प्राप्त भएको थियो । स्थानीय शिक्षकहरुसँग भन्दा अन्यत्रबाट आउनु भएका शिक्षकहरुसँग विद्यार्थीहरु बढी डराउने भएको हुँदा तुलनात्मक रुपमा अन्यत्रबाट आउने शिक्षकहरु नै विद्यार्थीको अनुशासन कायमका लागि बढी भूमिका निर्वाह गर्दै आएको भन्ने जस्ता उत्तर विद्यालयका प्र.अ.सँगको छलफल तथा अन्तरक्रियाबाट जानकारी प्राप्त भएको थियो ।

छनोटमा परेको विद्यालय श्री मा.वि., गौरीगञ्जमा विद्यार्थीको अनुशासन कायम गर्न तथा उनीहरुलाई नियन्त्रण गर्नका लागि स्थानीय शिक्षकले के कस्तो भूमिका निर्वाह गर्दै आउनु भएको छ भन्ने सन्दर्भमा प्र.अ. तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र अभिभावकसँग छलफल तथा अन्तरक्रिया गर्दा यस विद्यालयमा विद्यार्थी अनुशासन कायमका लागि स्थानीय शिक्षकहरुको भूमिका मध्यमस्तरको छ भन्ने जस्ता उत्तरहरु प्राप्त भएको थियो । स्थानीय शिक्षकलाई आफ्नै घर वरपरको शिक्षक भएको हुँदा विद्यार्थीहरुले नटेर्ने जस्ता समस्याहरु रहेको भन्ने उत्तर समेत अध्ययनका क्रममा जानकारी प्राप्त भएको थियो ।

त्यसैगरी छनोटमा परेको अर्को विद्यालय श्री नारायणी नमुना मा.वि.को अवस्थालाई हेर्दा अन्य विद्यालयको तुलनामा विद्यार्थी अनुशासन यस विद्यालयमा राम्रो रहेको तथ्य अध्ययन अवलोकनका क्रममा जानकारी प्राप्त भएको छ । यस विद्यालयमा विद्यार्थी अनुशासनका लागि स्थानीय शिक्षकको भूमिका प्रभावकारी रहेको पाइयो । विद्यार्थीको सरसफाइ, ड्रेस, समयमा विद्यालयमा उपस्थिति, विद्यालयको नियमितता जस्ता विविध पक्षहरुमा अन्य शिक्षकको तुलनामा स्थानीय शिक्षकले थप भूमिका निर्वाह गर्दै आएको भन्ने उत्तर समेत अध्ययनका क्रममा प्र.अ. सँग गरिएको छलफल तथा

अन्तरक्रियाबाट जानकारी प्राप्त भएको छ । शिक्षक नभएको समयमा विद्यार्थीलाई परिचालन गरि चउर सरसफाइ गराउने, मनिटरको व्यवस्था गरी कक्षा सञ्चालन गर्ने, एक आपसमा सहयोगी र मितव्यताको भावना जगाउने जस्ता कार्यमा स्थानीय शिक्षकको अग्रसरता रहेको भन्ने उत्तरहरु विद्यालयका अभिभावक तथा विद्यार्थीहरुबाट समेत जानकारी प्राप्त भएको छ ।

छनोटमा परेका ४ वटै विद्यालयहरुमा विद्यार्थी अनुशासनको अवस्थालाई हेर्दा श्री नारायणी नमुना मा.वि. र श्री प्रेमवस्ती मा.वि.मा विद्यार्थी अनुशासन राम्रो रहेको पाइयो । यी दुईवटै विद्यालयमा विद्यार्थीको अनुशासन कायमका लागि स्थानीय शिक्षकको भूमिका प्रभावकारी रहेको भन्ने उत्तर समेत अध्ययनका क्रममा प्र.अ., शिक्षक, विद्यार्थी बाट जानकारी प्राप्त भएको छ । त्यसैगरी राष्ट्रिय मा.वि., कृष्णपुर र गौरीगञ्ज मा.वि.को अवस्थालाई हेर्दा विद्यार्थी अनुशासनमा स्थानीय शिक्षकहरुलााई विद्यार्थीले नटेर्ने, अन्यत्रबाट आउने शिक्षकहरुसँग बढी डरउने तथा भनेको मान्ने जस्ता व्यवहारहरु भएको हुँदा स्थानीय शिक्षकको तुलनामा अन्यत्रबाट आउने शिक्षकहरु नै विद्याार्थीको अनुशासनमा सहभागी हुँदै आएको पाइयो । विद्यालयमा विद्यार्थी अनुशासनको अवस्थालाई हेर्दा स्थानीय शिक्षकको भूमिका प्रभावकारी भएको ठाउँमा विद्यार्थी अनुशासन राम्रो भएको पाइयो भने स्थानीय शिक्षकहरुले प्रभावकारी भूमिका निर्वाह गर्न नसकेका विद्यालयमा विद्यार्थी अनुशासन पनि प्रभावकारी हुन नसकेको तथ्य प्राप्त भएको छ ।

### ४.१.३ शिक्षक, विद्यार्थी तथा अभिभावक विचमा छलफल तथा अन्तरक्रिया

शैक्षिक गुणस्तर प्रवर्द्धनमा स्थानीय शिक्षकले खेलेको भूमिकाको वर्तमान अवस्थाको विश्लेषण गर्ने क्रममा छनोटमा परेका ४ वटै विद्यालयमा अनुसन्धानकर्ता प्रत्यक्ष उपस्थित भई विद्यार्थी, अभिभावक, शिक्षक तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्षसँग गरिएको अन्तरवार्ता प्रश्नावलीबाट प्राप्त भएको तथ्य अनुसार छलफल तथा अन्तरक्रियामा स्थानीय शिक्षकको भूमिका प्रभावकारी रहेको भन्ने उत्तरहरु श्री

प्रेमवस्ती मा.वि.का प्र.अ.बाट जानकारी प्राप्त भएको थियो । यस विद्यालयमा सहायक प्र.अ. तथा शिक्षक प्रतिनिधिमा समेत स्थानीय शिक्षकहरु नै रहेको हुँदा विद्यालयको प्रशासनीक कामहरु देखि लिएर समय समयमा अभिभावकलाई बोलाई छलफल तथा अन्तरक्रियात्मक कार्यक्रम गराउने कार्यमा समेत स्थानीय शिक्षकको भूमिका प्रभावकारी रहेको भन्ने उत्तर विद्यालयका अभिभावक तथा शिक्षकहरुसँगको छलफल तथा अन्तरक्रियाबाट समेत जानकारी प्राप्त भएको थियो । विद्यालय व्यवस्थापन समितिका अध्यक्षसँग गरिएको अन्तरवार्ता प्रश्नावली अनुसार पनि यस विद्यालयमा शिक्षक, विद्यार्थी, तथा अभिभावक बिचमा छलफल तथा अन्तरक्रिया गरी सुमधुर वातवारण तयार गर्न र शैक्षिक उपलब्धि वृद्धिमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको पाइयो ।

छनोटमा परेको अर्को विद्यालय श्री नारायणी नमुना मा.वि.मा शिक्षक, विद्यार्थी, तथा अभिभावक बिचमा छलफल तथा अन्तरक्रियालाई विश्लेषण गर्दा यस विद्यालयमा संख्यात्मक रुपमा विद्यार्थीसंख्या धेरै, टाढा टाढाबाट अभिभावकहरुले विद्यार्थी भर्ना गर्ने गरेको हुँदा अभिभावकहरुलाई विद्यालयमा उपस्थित गराई छलफल तथा अन्तरक्रिया गर्नका लागि स्थानीय शिक्षकले प्रभावकारी भूमिका निर्वाह गर्न नसकेको भन्ने उत्तरहरु अध्ययनका क्रममा जानकारी प्राप्त भएको थियो । विद्यालयमा अतिरिक्त समयका लागि समेत समय दिनु पर्ने अवस्थाहरुले गर्दा फुर्सदको समयमा अभिभावकको घर घरमा पुगेर छलफल तथा अन्तरक्रियात्मक क्रियाकलाप गरी शैक्षिक गुणस्तर वृद्धिमा भूमिका निर्वाह गर्न नसकेको भन्ने उत्तर समेत अध्ययनका क्रममा शिक्षकहरुबाट जानकारी प्राप्त भएको थियो । यस विद्यालयमा अभिभावकहरु आफैले पनि समय समयमा फोन गरेर, अभिभावकहरु आफै उपस्थित भएर आफ्ना बाबुनानीहरुको शैक्षिक अवस्थाको बारेमा ख्याल गर्ने र राय तथा सुझावहरु प्रस्तुत गर्ने जस्ता क्रियाकलाप गर्ने गरेको हुँदा शिक्षकले खासै भूमिका निर्वाह नगरे पनि छलफल तथा अन्तरक्रियात्मक क्रियाकलापहरु प्रभावकारी ढंगबाट हुँदै आएको भन्ने उत्तरहरु प्राप्त भएको छ । त्यसैगरी छनोटमा परेका २ वटा विद्यालयहरु क्रमशः श्री मा.वि.,

गौरीगञ्ज र राष्ट्रिय मा.वि., कृष्णपुरमा छलफल तथा अन्तरक्रियाको अवस्थालाई हेर्दा यी दुवै विद्यालयमा छलफल तथा अन्तरक्रियात्मक कार्यक्रम प्रभावकारी ढंगबाट नभएको पाइयो । स्थानीय शिक्षकहरुले पनि आफू प्रयासरत रहँदा रहँदै पनि शिक्षक, अभिभावक र विद्यार्थी बिचमा छलफल तथा अन्तरक्रियात्मक कार्यक्रमलाई प्रभावकारी गराउन नसकिएको भन्ने जस्ता उत्तरहरु विद्यालय प्र.अ.बाट जानकारी प्राप्त भएको थियो ।

छनोटमा परेका ४ वटा विद्यालयमा छलफल तथा अन्तरक्रियाको अवस्थालाई हेर्दा छलफल तथा अन्तरक्रियात्मक कार्यक्रममा श्री प्रेमवस्ती मा.वि.मा स्थानीय शिक्षकहरुको भूमिका प्रभावकारी रहेको पाइयो । श्री नारायणी नमुना मा.वि.मा शिक्षक विद्यार्थी, तथा अभिभावक बिचमा छलफल तथा अन्तरक्रियालाई विश्लेषण गर्दा यस विद्यालयमा संख्यात्मक रुपमा विद्यार्थीसंख्या धेरै, टाढा टाढाबाट अभिभावकहरुले विद्यार्थी भर्ना गर्ने गरेको हुँदा अभिभावकहरुलाई विद्यालयमा उपस्थित गराई छलफल तथा अन्तरक्रिया गर्नका लागि स्थानीय शिक्षकले प्रभावकारी भूमिका निर्वाह गर्न नसकेको भन्ने उत्तरहरु अध्ययनका क्रममा जानकारी प्राप्त भएको थियो । त्यसैगरी छनोटमा परेका २ वटा विद्यालयहरु क्रमशः श्री मा.वि., गौरीगञ्ज र राष्ट्रिय मा.वि., कृष्णपुरमा छलफल तथा अन्तरक्रियाको अवस्थालाई हेर्दा  यी दुवै विद्यालयमा छलफल तथा अन्तरक्रियात्मक कार्यक्रम प्रभावकारी ढंगबाट नभएको पाइयो ।

### ४.१.४ पृष्ठपोषण तथा विद्यार्थी उत्प्रेरणा

शैक्षिक गुणस्तर प्रवर्द्धनमा स्थानीय शिक्षकको भूमिकाकाको वर्तमान अवस्थालाई अध्ययन गर्ने क्रममा विद्यार्थीलाई पढाइ प्रति पृष्ठपोषण तथा अभिप्रेरणा प्रदान गर्ने कार्यमा स्थानीय शिक्षकको भूमिका के कस्तो रहेको छ भन्ने बारेमा छनोटमा परेका ४ वटै विद्यालयमा गरिएको अध्ययन अनुसन्धानबाट प्राप्त तथ्य अनुसार स्थानीय शिक्षकहरुले विद्यार्थीहरुलाई आफ्नो अनुकुल समयमा भेटेर, घरमा गएर विद्यार्थीहरुलाई उत्प्रेरणा दिने तथा पृष्ठपोषण गर्ने जस्ता क्रियाकलाप गरेको भन्ने

जस्ता उत्तरहरु छनोटमा परेका २ वटा विद्यालय क्रमशः नारायणी मा.वि. र राष्ट्रिय मा.वि. कृष्णपुरका प्र.अ.बाटजानकारी प्राप्त भएको थियो ।

### ४.१.५ विद्यार्थी मूल्यांकन

विद्यालयमा विद्यार्थी मूल्यांकनको अवस्था के कस्तो रहेको छ, विद्यार्थी मूल्यांकनमा स्थानीय शिक्षकले के कस्तो भूमिका निर्वाह गर्दै आएका छन् भन्ने सन्दर्भमा अध्ययन अनुसन्धाान गर्दा छनोटमा परेका ४ वटै विद्यालयले विद्यार्थी मूल्यांकनको मुख्य आधार भनेको परीक्षा प्रणालीलाई नै अपनाउँदै आएको तथ्य अध्ययनका क्रममा अनुसन्धानकर्ता प्रत्यक्ष उपस्थित भएर गरिएको अध्ययन अवलोकनबाट जानकारी प्राप्त भएको छ । छनोटमा परेका ४ वटै विद्यालयमा विद्यार्थी मूल्यांकन गर्दा कक्षा ८ सम्म निरन्तर मूल्यांकनलाई आधार बनाएको तथ्य अध्ययनका क्रममा जानकारी प्राप्त भएको छ । विद्यार्थीको निरन्तर मूल्यांकन गर्दा विद्यार्थीले गर्ने अतिरिक्त क्रियाकलाप, कक्षा कार्य, गृहकार्य जस्ता कुराहरुलाई आधार बनाएर मूल्यांकन गर्ने गरेको पाइयो ।

### ४.१.६ विद्यालयको शैक्षिक गतिविधिमा दिइने अतिरिक्त समय

शैक्षिक गुणस्तर प्रवर्द्धनमा स्थानीय शिक्षकले खेलेको भूमिका नामक उद्देश्यलाई आधार बनाएर स्थानीय शिक्षकले विद्यालयको शैक्षिक गतिविधिमा दिने गरेको अतिरिक्त समयको अवस्था के कस्तो रहेको छ भन्ने सन्दर्भमा गरिएको छलफल तथा अन्तरक्रिया अनुसार छनोटमा परेको विद्यालय श्री राष्ट्रिय मा.वि., कृष्णपुरमा अन्य शिक्षकको तुलनामा स्थानीय शिक्षकले विद्यालयको शैक्षिक गतिविधिमा बढी समय दिएको पाइयो । यन्यत्रबाट आउने शिक्षकहरु घर पुग्नका लागि असहजता हुने कारणले गर्दा अतिरिक्त समय दिनका लागि गाह्रो मान्ने गरेको भन्ने जस्ता उत्तर समेत अध्ययनका क्रममा जनकारी प्राप्त भएको थियो । त्यसैगरी विद्यालयमा अतिरिक्त कक्षा सञ्चालन गर्दा पनि अन्यत्रबाट आउने शिक्षकको तुलनामा घर पायक शिक्षकहरुले नै समय दिने गरेको भन्ने उत्तरहरु अध्ययनका क्रममा जानकारी प्राप्त भएको थियो ।

छनोटमा परेका अरु ३ वटा विद्यालयहरु नारायणी नमुना माध्यमिक विद्यालय भरतपुर, श्री प्रेमवस्ती मा.वि., प्रेमवस्ती, श्री मा.वि., गौरीगञ्जमा पनि अन्यत्रबाट आउने शिक्षकको तुलनामा विद्यालयको शैक्षिक गतिविधिमा स्थानीय शिक्षकहरुले अतिरिक्त समय बढि दिएको तथ्य प्राप्त भएको छ । विद्यालयको कुनै पनि अतिरिक्त क्रियाकलाप सञ्चालन गर्दा अतिरिक्त समय दिनका लागि शिक्षकहरुमा समस्या नरहेको तथ्य विद्यालयका शिक्षक, अभिभावकहरुबाट जानकारी प्राप्त हुनुका साथै महिला शिक्षकहरुले भने स्थानीय भएर पनि आफ्नो व्यक्तिगत समस्याका कारण अतिरिक्त समय दिन नसकिरहेको भन्ने उत्तर छनोटमा परेका २ वटा विद्यालय श्री गौरीगञ्ज मा.वि. र श्री प्रेमवस्ती मा.वि.का प्र.अ. बाट जानकारी प्राप्त भएको छ । तुलनात्मक रुपमा स्थानीय शिक्षकमा पनि पुरुष शिक्षकहरुले विद्यालयमा अतिरिक्त समय बढी दिने गरेको पाइयो ।

### ४.१.७ विद्यालयको प्रशासनिक तथा शैक्षिक वातावरणमा स्थानीय शिक्षकको भूमिका

विद्यालयको शैक्षिक तथा प्राशसनिक वातावरणमा शिक्षकको भूमिका के कस्तो रहेको छ भन्ने सन्दर्भमा गरिएको छलफल तथा अन्तरक्रिया अनुसार श्री नारायणी मा.वि. विद्यालयका प्र.अ. स्थानीय शिक्षक नै रहेको र श्री प्रेमवस्ती मा.वि.मा पनि सहायक प्र.अ. स्थानीय शिक्षक रहेको पाइयो । विद्यालयको शैक्षिक गुणस्तर पनि तुलनात्मक रुपमा छनोटमा परेका ४ वटा विद्यालय मध्ये यी दुईवटा विद्यालयको राम्रो देखिएकोले विद्यालयको शैक्षिक गुणस्तरमा स्थानीय शिक्षकहरुले प्रशासनिक भूमिका निर्वाह गरेका विद्यालयहरुमा शैक्षिक अवस्था राम्रो रहेको विश्लेषण गरिएको छ । त्यसै गरी अन्य २ वटा विद्यालयहरुमा पनि विद्यालयको प्रशासनिक शैक्षिक वातावरण सुधार तथा प्रभावकारी गराउनका लागि स्थानीय शिक्षकहरुले समय समयमा राय, सल्लाह र सुझाव प्रस्तुत गर्दै आउनु भएको तथ्य प्राप्त भएको छ ।

### ४.१.८ विद्यार्थीलाई गराउने अतिरिक्त क्रियाकलापहरु

विद्यार्थीको शैक्षिक गुणस्तरमा स्थानीय शिक्षकको भूमिका के कस्तो रहेको छ भन्ने बारेमा जानकारी प्राप्त गर्ने क्रममा अध्ययन अवलोकन गर्दा शिक्षकहरुले विद्यार्थीलाई के कस्ता अतिरिक्त क्रियाकलाप गराउँदै आएका छन् भन्ने बारेमा समेत छलफल तथा अन्तरक्रिया गरिएको थियो । छनोटमा परेका विद्यालयमा अतिरिक्त क्रियाकलापको अवस्थालाई हेर्दा विद्यालयको आर्थिक अवस्था, शिक्षकलाई पिरियडभार बढी हुनु, शिक्षक विद्यार्थी बिचमा सुमधुर सम्बन्धको अभाव, शिक्षकमा प्रभावकारी तरिकाले अतिरिक्त कार्यक्रम सञ्चालन गर्ने प्रयाप्त ज्ञान नहुनु, विद्यालयले आवश्यक मात्रामा छुट्टै अतिरिक्त क्रियाकलापका लागि शिक्षक नियुक्त गर्न नसक्नु जस्ता विविध पक्षले गर्दा छनोटमा परेका ४ वटै विद्यालयमा अतिरिक्त क्रियाकलाप प्रभावकारी नभएको भन्ने जस्ता जानकारी विद्यालयका प्र.अ., विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा अभिभावकबाट प्राप्त भएको थियो ।

अतिरिक्त क्रियाकलापको अवस्थालाई हेर्दा श्री प्रेमवस्ती मा.वि.मा अतिरिक्त क्रियाकलाप शिक्षकका रुपमा १ जना शिक्षक रहेको पाइयो जुन विद्यार्थी संख्या अनुसार अपर्याप्त रहेको भन्ने उत्तर विद्यालयका प्र.अ.बाट जानकारी प्राप्त भएको थियो । यस विद्यालयमा अतिरिक्त क्रियाकलाप शिक्षकले विषय शिक्षक अनुपस्थित भएको अवस्थामा विद्यार्थीहरुलाई अतिरिक्त क्रियाकलाप गराउने गरेको भए पनि धेरै विद्यार्थी भएको तथा धेरै सेक्सन भएको हुँदा एकै दिनमा एकै पटकमा ३।४ वटा कक्षा तथा सेक्सनमा खालि पिरियड हुँदा एउटा अतिरिक्त क्रियाकलाप शिक्षकलाई सम्भव नरहने भएको हुँदा प्रभावकारी ढंगले अतिरिक्त क्रियाकलाप गराउन नसकिएको तथ्य विद्यालयका शिक्षक तथा प्र.अ.बाट जानकारी प्राप्त भएको थियो ।

समय समयमा अतिरिक्त क्रियाकलापहरु गराउनका लागि पनि अन्य समयमा भन्दा पढाइलाई विशेष महत्व दिनुपर्ने, विभन्न त्रैमासिक परिक्षाको तयारी गराउनु पर्ने, समयमा कोर्ष नसकिने जस्ता विविध समस्याले गर्दा विद्यालयमा अतिरिक्त क्रियाकलाप

प्रभावकारी ढंगबाट गराउन नसकिएको भन्ने उत्तर समेत अध्ययनका क्रममा जानकारी प्राप्त भएको छ । छनोटमा परेको विद्यालय नारायणी नमुना मा.वि.मा पनि अतिरिक्त क्रियाकलापका लागि स्थानीय शिक्षकको भूमिका के कस्तो रहेको छ भन्ने कुराको जानकारी प्राप्त गर्ने क्रममा गरिएको अध्ययन अवलोकनबाट प्राप्त भएको तथ्य अनुसार यस विद्यालयमा पनि १ जना मात्र अतिरिक्त क्रियाकलाप शिक्षक रहेको तथ्य प्राप्त भएको थियो । यस विद्यालयमा अतिरिक्त क्रियाकलापहरुमा स्थानीय शिक्षकहरुको भूमिका हेर्दा खासै प्रभावकारी भूमिका नरहेको भन्ने उत्तर विद्यालयका प्र.अ. तथा शिक्षकबाट जानकारी प्राप्त भएको थियो । विद्यालयमा आफूहरुलाई रहेको अत्यधिक पिरियड भार, आतिरिक्त क्रियाकलाप बारे आफूहरुलाई जानकारी नहुनु जस्ता विविध पक्षहरुले गर्दा अतिरिक्त क्रियाकलापमा प्रभावकारी भूमिका निर्वाह गर्न नसकिएको भन्ने उत्तरहरु छनोटमा परेका स्थानीय शिक्षकहरु स्वयंबाट समेत जानकारी प्राप्त भएको थियो ।

प्रोफेसर डग्लास एम.सी. ग्रेगरको एक्स र वाइ सिद्धान्तलाई आधार मानेर तयार गरिएको प्रस्तुत शोधपत्रको पहिलो उद्देश्यलाई विश्लेषण गर्दा सैद्धान्तिक खाका अनुसार मिल्दो जुल्दो रहेको देखिन्छ । शैक्षिक गुणस्तर प्रवर्द्धनमा स्थानीय शिक्षकको भूमिकालाई आधार बनाएर तयार गरिएको प्रस्तुत शोधकार्यमा ग्रेगरले प्रस्तुत गरेको सिद्धान्त अनुरुप नै स्थानीय शिक्षकहरुले सकरात्मक व्यवहार देखाइ छलफल तथा अन्तरक्रिया प्रभावकारी ढंगबाट गरेको, शिक्षक विद्यार्थी बिचको सुमधुर सम्बन्ध कायममा भूमिका निर्वाह गरेका विद्यालयमा शैक्षिक गुणस्तर राम्रो रहेको पाइयो भने शिक्षकको भूमिका प्रभावकारी हुन नसकेको विद्यालयमा गुणस्तर पनि कमजोर रहेको तथ्य प्राप्त भएको छ ।

छनोटमा परेका ४ वटै विद्यालयमा विद्यालयको कमजोर आर्थिक अवस्था, राख्ने ठाउँको अभाव जस्ता कुराहरले गर्दा निर्माण गरिएका सामग्री पनि प्रभावकारी ढंगबाट प्रयोग गर्न नसकेको तथ्य प्राप्त भएको छ । छनोटमा परेका विद्यालयहरुमा विद्यार्थी

अनुशासनको अवस्थालाई हेर्दा श्री नारायणी नमुना मा.वि. र श्री प्रेमवस्ती मा.वि.मा विद्यार्थी अनुशासन राम्रो रहेको पाइयो । यी दुईवटै विद्यालयमा विद्यार्थीको अनुशासन कायमका लागि स्थानीय शिक्षकको भूमिका प्रभावकारी रहेको भन्ने उत्तर समेत अध्ययनका क्रममा प्र.अ., शिक्षक, विद्यार्थी बाट जानकारी प्राप्त भएको छ । त्यसैगरी राष्ट्रिय मा.वि., कृष्णपुर र श्री मा.वि., गौरीगञ्जको अवस्थालाई हेर्दा विद्यार्थी अनुशासनमा स्थानीय शिक्षकहरुलााई विद्यार्थीले नटेर्ने, अन्यत्रबाट आउने शिक्षकहरुसँग बढी डरउने तथा भनेको मान्ने जस्ता व्यवहारहरु भएको हुँदा स्थानीय शिक्षकको तुलनामा अन्यत्रबाट आउने शिक्षकहरु नै विद्यार्थीको अनुशासनमा सहभागी हुँदै आएको पाइयो । विद्यालयमा विद्यार्थी अनुशासनको अवस्थालाई हेर्दा स्थानीय शिक्षकको भूमिका प्रभावकारी भएको ठाउँमा विद्यार्थी अनुशासन राम्रो भएको पाइयो भने स्थानीय शिक्षकहरुले प्रभावकारी भूमिका निर्वाह गर्न नसकेका विद्यालयमा विद्यार्थी अनुशासन पनि प्रभावकारी हुन नसकेको तथ्य प्राप्त भएको छ ।

छनोटमा परेका ४ वटा विद्यालयमा छलफल तथा अन्तरक्रियाको अवस्थालाई हेर्दा छलफल तथा अन्तरक्रियात्मक कार्यक्रममा श्री प्रेमवस्ती मा.वि.मा स्थानीय शिक्षकहरुको भूमिका प्रभावकारी रहेको पाइयो । शैक्षिक गुणस्तर प्रवर्द्धनमा स्थानीय शिक्षकको भूमिकाकाको वर्तमान अवस्थालाई अध्ययन गर्ने क्रममा विद्यार्थीलाई पढाइ प्रति पृष्ठपोषण तथा अभिप्रेरणा प्रदान गर्ने कार्यमा स्थानीय शिक्षकको भूमिका के कस्तो रहेको छ भन्ने बारेमा छनोटमा परेका ४ वटै विद्यालयमा गरिएको अध्ययन अनुसन्धानबाट प्राप्त तथ्य अनुसार स्थानीय शिक्षकहरुले विद्यार्थीहरुलाई आफ्नो अनुकुल अनुसार भेटेर, घरमा गएर विद्यार्थीहरुलाई उत्प्रेरणा दिने तथा पृष्ठपोषण गर्ने जस्ता क्रियाकलाप गरेको भन्ने जस्ता उत्तरहरु छनोटमा परेका २ वटा विद्यालय क्रमशः नारायणी मा.वि. र राष्ट्रिय मा.वि. कृष्णपुरका प्र.अ.बाटजानकारी प्राप्त भएको थियो । विद्यालयमा विद्यार्थी मूल्यांकनको अवस्था के कस्तो रहेको छ, विद्यार्थी मूल्यांकनमा स्थानीय शिक्षकले शिक्षकले के कस्तो भूमिका निर्वाह गर्दै आएका छन् भन्ने सन्दर्भमा अध्ययन अनुसन्धाान गर्दा छनोटमा परेका ४ वटै विद्यालयले विद्यार्थी

मूल्यांकनको मुख्य आधार भनेको परीक्षा प्रणालीलाई नै अपनाउँदै आएको तथ्य अध्ययनका क्रममा अनुसन्धानकर्ता प्रत्यक्ष उपस्थित भएर गरिएको अध्ययन अवलोकनबाट जानकारी प्राप्त भएको छ ।

तुलनात्मक रुपमा स्थानीय शिक्षकमा पनि पुरुष शिक्षकहरुले विद्यालयमा अतिरिक्त समय बढी दिने गरेको पाइयो । विद्यालयको शैक्षिक तथा प्राशसनिक वातावरणमा शिक्षकको भूमिका के कस्तो रहेको छ भन्ने सन्दर्भमा गरिएको छलफल तथा अन्तरक्रिया अनुसार श्री नारायणी मा.वि. का प्र.अ. स्थानीय शिक्षक नै रहेको र श्री प्रेमवस्ती मा.वि.मा पनि सहायक प्र.अ. स्थानीय शिक्षक रहेको पाइयो । छनोटमा परेका विद्यालयमा अतिरिक्त क्रियाकलापको अवस्थालाई हेर्दा विद्यालयको आर्थिक अवस्था, शिक्षकलाई पिरियडभार बढी हुनु, शिक्षक विद्यार्थी बिचमा सुमधुर सम्बन्धको अवभाव, शिक्षकमा प्रयाप्त ज्ञान नहुनु, विद्यालयले आवश्यक मात्रामा छुट्टै अतिरिक्त क्रियाकलापका लागि शिक्षक नियुक्त गर्न नसक्नु जस्ता विविध पक्षले गर्दा छनोटमा परेका ४ वटै विद्यालयमा अतिरिक्त क्रियाकलाप प्रभावकारी नभएको भन्ने जस्ता उत्तरहरु विद्यालयका प्र.अ., विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा अभिभावकबाट जानकारी प्राप्त भएको थियो ।

### ४.२ शैक्षिक गुणस्तर प्रवर्द्धनमा शिक्षकको स्थानीयताले पार्ने प्रभावहरु

शैक्षिक गुणस्तर वृद्धिमा शिक्षकको स्थानीयताले के कस्तो प्रभाव पारेको छ भन्ने कुरालाई मूल आधार मानेर तयार पारिएको प्रस्तुत शोधपत्रमा प्रभावित तत्वलाई सकरात्मक तथा नकरात्मक गरी दुई भागमा विश्लेषण गरेर छनोटमा परेका विद्यालयहरुमा शिक्षकको स्थानीयताले पारेको सकरात्मक प्रभाव र नकरात्मक प्रभावका बारेमा तथ्य संकलन गरिएको छ । शैक्षिक गुणस्तर प्रवर्द्धनमा शिक्षकको स्थानीताले पार्ने प्राभावको विश्लेषण गर्ने क्रममा छनोटमा परेका ४ वटै विद्यालयको २०७४ को शैक्षिक उपलब्धिको तहगत रुपमा विश्लेषण गर्नुको साथै विभिन्न उपशीर्षकहरुमा सकरात्मक तथा नकरात्मक प्रभावको विश्लेषण गरिएको छ ।

तालिका २

२०७४ को शैक्षिक उपलब्धिको तहगत विश्लेषण

| विद्यालयको नाम | तह | शैक्षिक उपलब्धि | | | कैफियत |
|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | |
| श्री नारायणी नमुना मा.वि.,भरतपुर | १-५ | 58.7 | 59.39 | 58.02 | |
| | ६-८ | 56.59 | 57.16 | 56.96 | |
| | ९-१० | 55.59 | 54.64 | 55.07 | |
| श्री राष्ट्रिय मा.वि. कृष्णपुर | १-५ | 62.73 | 52.26 | 57.49 | |
| | ६-८ | 56.59 | 57.16 | 56.96 | |
| | ९-१० | 55.59 | 54.64 | 55.07 | |
| श्री प्रेमवस्ती मा.वि. | १-५ | 62.44 | 65.87 | 63.99 | |
| | ६-८ | 55.17 | 55.4 | 55.35 | |
| | ९-१० | 53.28 | 54.17 | 53.74 | |
| श्री मा.वि.,गौरीगञ्ज | १-५ | 58.75 | 58.85 | 58.80 | |
| | ६-८ | 54.10 | 53.96 | 54.06 | |
| | ९-१० | 47.79 | 47.91 | 47.80 | |

*स्रोत : स्थलगत सर्भेक्षण २०७५*

माथिको तालिका अनुसार विद्यालयको शैक्षिक उपलब्धिलाई विश्लेषण गर्दा तुलनात्मक रुपमा नारायणी नमुना मा.वि.को तहगत शैक्षिक उपलब्धि राम्रो रहेको पाइयो । विद्यालयमा शैक्षिक गुणस्तरमा शिक्षकको स्थानीयताले पार्ने प्रभाव अन्तर्गत सकारात्मक र नकरात्मक गरी २ भागमा विभाजन गरिएको छ जसलाई निम्नानुसार विश्लेषण गरिएको छ ।

### ४.२.१ सकारात्मक प्रभाव

अध्ययन तथा अनुसन्धानका क्रममा शैक्षिक गुणस्तर प्रवर्द्धनमा शिक्षकको स्थानीयताले पार्ने सकरात्मक  प्रभावहरु निम्नानुसार छन् ।

**क) दिगो सिकाइमा सहयोग**

छनोटमा परेका विद्यालायहरुमा शिक्षकको स्थानीयताले के कस्तो प्रभाव पारेको छ भन्ने बारेमा गरिएको छलफल, अन्तरक्रियाबाट प्राप्त तथ्य अनुसार स्थानीय शिक्षकले विद्यार्थीहरुलाई अतिरिक्त समय दिएर अध्यापन गर्न सक्नुका साथै उनीहरुले विद्यार्थीहरुलाई उनीहरुको भावना अनुसार अध्यापन गर्न सक्ने भएको हुँदा विद्यार्थीको दिगो सिकाईमा शिक्षकको स्थानीयताले सकरात्मक प्रभाव पारेको भन्ने जस्ता उत्तरहरु अध्ययनका क्रममा जानकारी प्राप्त भएको छ ।

**ख) शैक्षिक उपलब्धि वृद्धि**

विद्यार्थीको शैक्षिक उपलब्धि वृद्धि गर्नका लागि शिक्षकको स्थानीयताले प्रभावकारी भूमिका निर्वाह गर्ने गरेको भन्ने जस्ता उत्तरहरु अध्ययनका क्रममा जानकारी प्राप्त भएको छ । आफूहरुलाई अध्यापन गर्ने शिक्षक स्थानीय भएको हुँदा समय समयमा शिक्षक विद्यार्थीहरुको घरमा पुगेर उनीहरुले गरेका क्रियाकलापको अवलोकन गर्ने अवसर पाउनुका साथै अभिभावकहरुलाई राय सल्लाह र सुझाव प्रदान गर्ने अवसर पाउने भएको हुँदा विद्यार्थीले समयमा नै आफूलाई सुधार गर्ने मौका पाउनुका साथै शैक्षिक उपलब्धि वृद्धिका  लागि सहयोग पुग्ने गर्दछ भन्ने जस्ता उत्तरहरु अध्ययनका क्रममा छनोटमा परेका विद्यालयका शिक्षक, अभिभावक तथा विद्यार्थीबाट जानकारी प्राप्त भएको छ ।

**ग) शिक्षक विद्यार्थी विचमा सुमधुर सम्बन्ध कायम**

शैक्षिक गुणस्तर प्रवर्द्धनमा शिक्षकको स्थानीयताले के कस्तो प्रभाव पारेको हुन्छ भन्ने सन्दर्भमा गरिएको छलफल तथा अन्तरक्रियाबाट प्राप्त भएको तथ्य अनुसार स्थानीय शिक्षकहरुले विद्यार्थीको घर परिवार, उसका बाबु आमाको अवस्था तथा अन्य व्यवहारका बारेमा समेत राम्ररी जानकारी राख्न सक्ने हुँदा विद्यार्थीहरुले स्थनीय

शिक्षकसँग मनमा लागेका कुरा खुलेर व्यक्त गर्न सक्नुका साथै शिक्षक र विद्यार्थी बिचको सम्बन्ध सुमधुर कायम गर्नमा थप सहयोग पुग्ने गरेको तथ्य समेत अध्ययनका क्रममा जानकारी प्राप्त भएको छ ।

### ४.२.२ नकारात्मक प्रभावहरु

प्रस्तुत अध्ययनका क्रममा शैक्षिक गुणस्तर प्रवर्द्धनमा शिक्षकको स्थानीयताले पार्ने प्रभावहरु मध्ये नकरात्मक प्रभाव निम्नानुसार छन् :

#### क) सामाजिक रिसिईवि

विद्यालयमा शिक्षकको स्थानीयताले पारेको प्रभाव अन्तर्गत सकरात्मक प्रभावहरु सँगसँग विविध नकरात्मक प्रभाव पनि पर्ने गरेको भन्ने जस्ता उत्तरहरु अध्ययनका क्रममा जनकारी प्राप्त भएको थियो । स्थानीय शिक्षक भएको हुँदा विद्यार्थी र शिक्षक रहने समाज र वातावरणीय परिवेश एउटै हुँदा समाजमा हुने विभिन्न अैँचो पैचो तथा अन्य क्रियाकलापमा विद्यार्थीको घर परिवार वा विद्यार्थी स्वयं प्रति रिसिईवि भएका खण्डमा त्यसको प्रभाव विद्यालयमा पनि पर्ने गरेको भन्ने जस्ता उत्तरहरु अध्ययनका क्रममा छनोटमा परेका २ वटा विद्यालयका अभिभावकहरुसँगको अन्तरवार्ता प्रश्नावलीका आधारमा जानकारी प्राप्त भएको छ । हामीहरुसँग भएको रिसिईविका कारणले गर्दा शिक्षकले हाम्रो बच्चालाई समेत वेवास्ता गर्नुका साथै सामान्य गल्तीमा पनि ठूलो सजाय दिने आफू यही समाजको स्थानीय भएको हुँदा मलाई कसैले केही गर्न सक्दैन भन्ने जस्ता हेय भावले हेर्ने जस्ता नकारात्मक प्रभावहरु पर्ने गरेको तथ्य अभिभावकबाट जानकारी प्राप्त भएको छ ।

#### ख) शिक्षकले भनेको विद्यार्थीले भनेको नमान्ने

छनोटमा परेका विद्यालयहरु मध्येमा २ वटा विद्यालयमा आफूहरु स्थानीय भएको हुँदा विद्यार्थीहरुले आफूलाई नटेर्ने, साथी भाइको दृष्टिकोणले हेर्ने गरेको र पढाउँदा समेत बे वास्ता गर्ने गरेको भन्ने जस्ता उत्तरहरु प्राप्त भएको छ ।

ग्रेगरको एक्स र वाइ सिद्धान्तलाई आधार मानेर गरिएको प्रस्तुत शोधकार्यमा शोधकार्यको दोस्रो उद्देश्य अनुसार शिक्षकको स्थानीयताले विद्यालयमा सकरात्मक र नकराात्मक दुवै किसिमको प्रभाव परेको पाइयो । सकरात्मक प्रभाव अन्तर्गत विद्यार्थीको शैक्षिक उपलब्धि वृद्धिमा सहयोग, दिगो सिकाइ, शिक्षक र विद्यार्थी बिचको सुमधुर सम्बन्ध कायम राख्नमा सहयोग जस्ता विविध पक्षहरुमा सकरात्मक प्रभाव परेको पाइयो भने शिक्षक र विद्यार्थीमा सामाजिक रिसिईवि, बदलाको भावना, एक अर्कालें हेय भावले हेर्ने, अभिभावकसँगको सम्बन्धका आधारमा शिक्षकले विद्यार्थीलाई नकराात्मक व्यवहार गर्ने जस्ता नकरात्मक प्रभाव पनि विद्यालयमा पर्न गएको तथ्य अध्ययनका क्रममा जानकारी प्राप्त भएको छ ।

## ४.३ स्थानीय शिक्षकको परिचालनबाट शैक्षिक गुणस्तर प्रभावकारी बनाउने उपायहरु

छनोटमा परेका विद्यालायमा शैक्षिक गुणास्तर प्रभावाकारी बनाउने उपायहरुलाई निम्नानुसार प्रस्ततु गरिएको छ ।

### ४.३.१ नियुक्ति प्रक्रिया निष्पक्ष हुनु पर्ने

कुनै पनि संघ संस्थामा कार्यरत शिक्षक तथा कर्मचारी नियुक्ति गर्दा हाम्रो मान्छे नभई राम्रो मान्छेलाई प्राथमिकता दिनु पर्ने देखिन्छ । छनोटमा परेका विद्यालयहरुमा कार्यरत शिक्षकसँग गरिएको अन्तरवार्ता प्रश्नावली अनुसार विद्यालयका लागि आवश्यक पर्ने शिक्षक निजीस्रोतबाट नियुक्ति गर्दा विज्ञापन प्रकाशित गरिने भए पनि प्रभावकारी हुन नसकेको, विभिन्न राजनीतिक प्रभाव, नातावाद र कृपावादका प्रभावहरुले गर्दा सक्षम व्यक्तिले कार्यभार सम्हाल्ने अवसर प्राप्त गर्न नसकेको भन्ने जस्ता उत्तरहरु छनोटमा परेका २ वटा विद्यालयका शिक्षकहरुबाट जानकारी प्राप्त भएको थियो । स्थानीय शिक्षकको परिचालनबाट शैक्षिक गुणस्तर प्रभावकारी बनाउनका लागि शिक्षक नियुक्ति गर्दा नै राम्रा र योग्य व्यक्तिको नियुक्ति गर्न सकेको खण्डमा मात्रै उसले सक्षमताका

साथ कार्यभार सम्हाल्न सक्ने हुँदा निजी स्रोतमा शिक्षक नियुक्ति गर्दा र सरुवा ल्याउने क्रममा निष्पक्षता हुनुपर्ने तथ्य प्राप्त भएको छ ।

छनोटमा परेका विद्यालयका व्यवस्थापन समितिका अध्यक्ष तथा विद्यालयहरुका प्र.अ.सँग गरिएको छलफल तथा अन्तरक्रिया अनुसार ३ वटा विद्यालयका प्र.अ.ले योग्य र दक्ष शिक्षक नहुँदा स्थानीय भएर पनि शैक्षिक गुणस्तर प्रवर्द्धनमा प्रभावकारी भूमिका निर्वाह गर्न असहजता हुने गरेको हुँदा भोलिका दिनमा राम्रा शिक्षकलाई प्राथमिकता दिएर नियुक्ति तथा सरुवा गर्नु पर्ने भन्ने उत्तर प्राप्त भएको छ ।

### ४.३.२ समय सापेक्ष पारिश्रमिक र सेवा सुविधा प्रदान गरिनु पर्ने

विद्यालयमा कार्यरत शिक्षकहरुमा ४ वटै विद्यालयमा गरिएको अवलोकन अनुसार बढी मात्रामा निजीस्रोतमा कार्यरत शिक्षकहरु स्थानीय रहेको पाइयो । न्यून पारिश्रमिक भएकै कारणले पेशाप्रति निरुत्साहित हुँदै गएको पाइयो । वर्तमान परिवेश अनुसार पारिश्रमिक नहुँदा विकल्पका रुपमा अन्य जागिरको खोजि गर्नुपर्ने अवस्था रहेको जसले गर्दा गरिरहेको कार्यप्रति समय दिन नसकेको भन्नेजस्ता उत्तरहरु समेत अध्ययनबाट प्राप्त भएको थियो । छनोटमा परेका ४ वटै विद्यालयका शिक्षकहरुले शिक्षकलाई दिइने पारिश्रमिक न्यून भएको हुँदा कतिपय स्थानीय शिक्षकले आफ्नो समय भएर पनि समय दिन नचाहेको भन्ने जस्ता उत्तर प्राप्त भएको हुँदा भोलिका दिनमा स्थानीय शिक्षकको परिचालनबाट शैक्षिक गुणस्तर वृद्धि गर्न विद्यालयमा दिइदै आइएको पारिश्रमिक र सेवा सुविधालाई समय सापेक्ष बनाउनु पर्ने अवस्था रहेको पाइयो ।

### ४.३.३ शिक्षक, कर्मचारी र विद्यालय प्रशासन बिचको सम्बन्ध सुमधुर हुनुपर्ने

छनोटमा परेका विद्यालयमा शिक्षक, कर्मचारी तथा विद्यालय प्रशासन बिच सुमधुर सम्बन्ध हुन नसकेको, विद्यालय प्रशासन तथा शिक्षकले कर्मचारीलाई

तल्लो वर्गको रुपमा हेरिँदिँदा आफूहरुलाई आत्माग्लानी हुने गरेको भन्ने जस्ता तथ्यहरु कर्मचारीसँगको अन्तरवार्ताबाट प्राप्त भएको थियो । आफ्नो कामको उचित मूल्यांकन नहुने, जति कार्य गर्दा पनि त्यसको बारेमा कुनै सम्बोधन नहुने हुँदा काम गर्न मन नलाग्ने र केवल औपचारिकता प्रदान गर्नका लागि मात्र काम गरिने गरिएको भन्ने जस्ता तथ्यहरु अनुसन्धानबाट जानकारी प्राप्त भएको थियो । विद्यालयका प्रधानाध्यापकले तथा विद्यालय व्यवस्थापनले आफूहरुलाई समान व्यवहार गरी काम प्रति उपयुक्त वातावरण सृजना गर्न सकेको खण्डमा कुनै पनि कार्य भनेको समयमा सम्पादन गर्न सकिने र विद्यालयको शैक्षिक गुणस्तर वृद्धिमा पनि सहयोग पुग्न सक्ने भन्ने जस्ता उत्तरहरु विद्यालयमा अध्यापनरत स्वयं स्थानीय शिक्षकहरुबाट प्राप्त भएको हुँदा छनोटमा परेका विद्यालयमा शैक्षिक गुणस्तर प्रवद्धनमा स्थानीय शिक्षकको भूमिकालाई प्रभावकारी गराउनका लागि शिक्षक, विद्यार्थी तथा विद्यालय प्रशासन बिचको सम्बन्ध सुमधुर बनाउनु आवश्यक रहेको छ ।

### ४.३.४ तालिमको प्रभावकारी व्यवस्था हुनु पर्ने

छनोटमा परेका विद्यालयमा स्थानीय शिक्षकहरु बढी मात्रमा निजीस्रोतका रहेको र निजीस्रोतका शिक्षकलाई के कसरी अध्यापन गर्दा राम्रो हुन्छ भन्ने बारेमा तालिम नभएको हुँदा स्थानीय शिक्षक भएर पनि विद्यालयको शैक्षिक गुणस्तर प्रवर्द्धनमा प्रभावकारी भूमिका निर्वाह गर्न नसकिएको भन्ने जस्ता उत्तरहरु अध्ययनका क्रममा जानकारी प्राप्त भएको छ । तालिम प्राप्त शिक्षकहरुलाई पनि समय सान्दर्भिक तालिम प्रदान हुन नसक्दा तालिम लिनु र नलिनुको कुनै अर्थ नरहेको भन्ने उत्तर समेत विद्यालयका शिक्षकहरुबाट जानकारी प्राप्त भएको छ । शिक्षकलाई दिइने तालिम प्रभावकारी हुन नसक्दा लिइएको तालिमलाई विद्यालयमा आएर कार्यान्वयन गर्न नसकिएको भन्ने जस्ता उत्तरहरु छनोटमा परेका २ वटा विद्यालयका स्थानीय शिक्षकहरुबाट प्राप्त भएको छ ।

### ४.३.५ विद्यालयमा बढ्दो राजनीतिलाई कम गरिनु पर्ने

विद्यालयको अस्वस्थ राजनीतिका कारणले गर्दा लामो समयसम्म कार्यरत स्थानीय निजी स्रोतका शिक्षकहरु पनि विनाकारण पेशाबाट अवकाश लिनु पर्ने, कार्यरत शिक्षकहरुले राजनीतिक कारणहरु देखाएर विदामा बस्ने जस्ता समस्याहरु छनोटमा परेका विद्यालयहरुमा रहेको तथ्य विद्यालयका शिक्षक, व्यवस्थापन समितिका अध्यक्ष एवम् विद्यार्थीबाट जानकारी प्राप्त भएको छ । यसरी विद्यालयमा कार्यरत स्थानीय शिक्षकको भूमिकालाई प्रभावकारी बनाइ शैक्षिक गुणस्तर प्रवर्द्धन गर्नका लागि लागि विद्यालयमा हुने गरेको राजनीतिक हस्तक्षेप तथा बढ्दो अस्वस्थ राजनीतक प्रवृत्तिको अन्त्य गरी विद्यालय समयभित्र कुनै पनि राजनीतिक कारण देखाएर विदा लिन नपाइने व्यवस्था गर्नुका साथै राजनीतिक पहुँचका आधारमा शिक्षक नियुक्ति सरुवा, बढुवा गर्ने जस्ता प्रवृत्तिको अन्त्य गरिनु आवश्यक रहेको पाइयो ।

### ४.३.६ पिरियडभार कम गरिनु पर्ने

छनोटमा परेका विद्यालयमा शिक्षकहरुले हप्तामा ३२ पिरियड सम्म अध्यापन गर्नु पर्ने बाध्यात्मक अवस्था रहेको पाइयो जसको कारण स्थानीय भएर पनि शिक्षकहरुले आफ्नो कार्य व्यस्तताका कारण शैक्षिक गुणस्तरमा प्रभावकारी भूमिका निर्वाह गर्न नसकेको र भोलिका दिनमा शिक्षकलाई पिरियडभार कम गरेर विद्यार्थीलाई अन्य अतिरिक्त क्रियाकलाप गराउने तथा शिक्षकले तयारी गर्न पाउने समय प्रदान हुन सकेको खण्डमा थप प्रभावकारी ढंगबाट भूमिका निर्वाह गर्न सक्ने तथ्य अध्ययनका क्रममा जानकारी प्राप्त भएको छ ।

### ४.३.७ दण्ड तथा पुरस्कारको व्यवस्था गरिनु पर्ने

कुनै पनि कार्यालय एवम् संस्थामा काम गर्ने शिक्षकलाई उसको पेशाप्रति प्रोत्साहन गर्नका लागि संस्थामा राम्रो काम गर्नेलाई प्रोत्साहन गर्ने र नराम्रो

कार्य गर्नेलाई दण्डको व्यवस्था गरिनु आवश्यक रहन्छ । छनोटमा परेका विद्यालयहरुमा स्थानीय शिक्षकलाई पेशाप्रति प्रोत्साहन गर्नका लागि कुनै पनि कार्यक्रमहरु नभएको, विद्यालयको वार्षिकोत्सवमा केही शिक्षकलाई प्रोत्साहन स्वरुप पुरस्कार गर्ने व्यवस्था भए पनि प्रभावकारी हुन नसकेको भन्ने जस्ता उत्तरहरु छनोटमा परेका ४ वटै विद्यालयबाट प्राप्त भएकोले भोलिका दिनमा विद्यालयको शैक्षिक गुणस्तर प्रवर्द्धनमा स्थानीय शिक्षकको भूमिकालाई प्रभावकारी बनाउनका लागि शिक्षकको कार्य दक्षता, कार्यकुशलता र कामका आधारमा पुरस्कार तथा दण्डको व्यवस्था गर्नु पर्ने देखिन्छ ।

ग्रेगरको एक्स र वाइ सिद्धान्तलाई प्रयोग गरी शैक्षिक गुणस्तर प्रवर्द्धनमा स्थानीय शिक्षकको भूमिका नामक शीर्षकमा गरिएको यस अध्ययन अनुसन्धानमा शैक्षिक गुणस्तर प्रवर्द्धनमा स्थानीय शिक्षकको भूमिकालाई प्रभावकारी बनाउनका लागि कार्यरत शिक्षकलाई प्रोत्साहनको व्यवस्था गर्नु आवश्यक रहेको पाइयो । त्यसैगरी शिक्षक नियुक्ति तथा सरुवा गर्दा राम्रो शिक्षकलाई प्राथमिकता दिन सकेका खण्डमा दक्ष शिक्षकको नियुक्ति हुन सकि शैक्षिक गुणस्तर प्रबर्द्धनमा थप सहयोग पुग्ने तथ्य प्राप्त भएको छ । विद्यालयमा बढ्दो राजनीतिक  अवस्थाले गर्दा शैक्षिक गुणस्तर प्रभावकारी हुन नसकेको, स्थानीय शिक्षकले आफ्नो पेशाप्रति निराशा व्यक्त गरेको जस्ता उत्तरहरु अध्ययनका क्रममा जानकारी प्राप्त भएको छ । विद्यालयमा शिक्षकलाई रहेको अत्याधिक पिरियड भारका कारण शिक्षकले अन्य अतिरिक्त समय दिन नसकेको तथ्य अध्ययनका क्रममा जानकारी प्राप्त भएको छ ।

# परिच्छेद : पाँच

# निष्कर्ष र सुझावहरू

शैक्षिक गुणस्तर प्रवर्द्धनमा स्थानीय शिक्षकको भूमिका शीर्षकमा अध्ययन गरिएको प्रस्तुत शोधकार्यलाई उद्देश्य अनुसार पूर्णता प्रदान गर्ने क्रममा शोधकार्यसँग सम्बन्धित विभिन्न अध्ययन अनुसन्धानहरुलाई साहित्यको पुनरावलोकनको रुपम समीक्षा गर्नुको साथै यस अध्ययनबाट प्राप्त तथ्याङ्कहरुको ब्याख्या तथा विश्लेषण, अर्न्तवार्ता प्रश्नावली, अवलोकन फारम, विद्यालका व्यवस्थापन पक्ष, शिक्षक अभिभावक विद्यार्थीहरु, आयाहरुबाट प्राप्त तथ्यांकहरुको आधारमा निष्कर्ष र सुझावहरुलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

## ५.१ निष्कर्ष

प्रोफेसर डग्लास एम.सी. ग्रेगरको एक्स र वाइ सिद्धान्तलाई आधार मानेर तयार गरिएको प्रस्तुत शोधपत्रमा ग्रेगरले प्रस्तुत गरेको सिद्धान्त अनुरुप नै स्थानीय शिक्षकहरुले सकरात्मक व्यवहार देखाइ छलफल तथा अन्तरक्रिया प्रभावकारी ढंगबाट गरेको, शिक्षक विद्यार्थी बिचको सुमधुर सम्बन्ध कायममा भूमिका निर्वाह गरेका विद्यालयमा शैक्षिक गुणस्तर राम्रो रहेको पाइयो भने शिक्षकको भूमिका प्रभावकारी हुन नसकेको विद्यालयमा गुणस्तर पनि कमजोर रहेको तथ्य प्राप्त भएको छ । छनोटमा परेका ४ वटै विद्यालयमा विद्यालयको कमजोर आर्थिक अवस्था, शैक्षिक साामग्री राख्ने ठाउँको अभाव जस्ता कुराहरुले गर्दा निर्माण गरिएका सामग्री पनि प्रभावकारी ढंगबाट प्रयोग गर्न नसकिएको तथ्य प्राप्त भएको छ । छनोटमा परेका विद्यालयहरुमा विद्यार्थी अनुशासनको अवस्थालाई हेर्दा श्री नारायणी नमुना मा.वि.,भरतपुर र श्री प्रेमवस्ती मा.वि.मा  विद्यार्थी अनुशासन राम्रो रहेको पाइयो । यी दुईवटै विद्यालयमा विद्यार्थीको अनुशासन कायमका लागि स्थानीय शिक्षकको भूमिका प्रभावकारी रहेको भन्ने उत्तर समेत अध्ययनका क्रममा प्र.अ., शिक्षक, विद्यार्थी बाट जानकारी प्राप्त भएको छ ।

राष्ट्रिय मा.वि., कृष्णपुर र श्री मा.वि. गौरीगञ्जको अवस्थालाई हेर्दा विद्यार्थी अनुशासनमा स्थानीय शिक्षकहरुलााई विद्यार्थीले नटेर्ने, अन्यत्रबाट आउने शिक्षकहरुसँग बढी डरउने तथा भनेको मान्ने जस्ता व्यवहारहरु भएको हुँदा स्थानीय शिक्षकको तुलनामा अन्यत्रबाट आउने शिक्षकहरु नै विद्याार्थीको अनुशासनमा सहभागी हुँदै आएको पाइयो । विद्यालयमा विद्यार्थी अनुशासनको अवस्थालाई हेर्दा स्थानीय शिक्षकको भूमिका प्रभावकारी भएको ठाउँमा विद्यार्थी अनुशासन राम्रो भएको पाइयो भने स्थानीय शिक्षकहरुले प्रभावकारी भूमिका निर्वाह गर्न नसकेका विद्यालयमा विद्यार्थी अनुशासन पनि प्रभावकारी हुन नसकेको तथ्य प्राप्त भएको छ ।

तुलनात्मक रुपमा स्थानीय शिक्षकमा पनि पुरुष शिक्षकहरुले विद्यालयमा अतिरिक्त समय बढी दिने गरेको पाइयो । विद्यालयको शैक्षिक तथा प्राशसनिक वातावरणमा शिक्षकको भूमिका के कस्तो रहेको छ भन्ने सन्दर्भमा गरिएको छलफल तथा अन्तरक्रिया अनुसार श्री नारायणी नमुना मा.वि.का प्र.अ. स्थानीय शिक्षक नै रहेको र श्री प्रेमवस्ती मा.वि.मा पनि सहायक प्र.अ. स्थानीय शिक्षक रहेको पाइयो । छनोटमा परेका विद्यालयमा अतिरिक्त क्रियाकलापको अवस्थालाई हेर्दा विद्यालयको आर्थिक अवस्था, शिक्षकलाई पिरियडभार बढी हुनु, शिक्षक विद्यार्थी बिचमा सुमधुर सम्बन्धको अभाव, शिक्षकमा प्रयाप्त ज्ञान नहुनु, विद्यालयले आवश्यक मात्रामा अतिरिक्त क्रियाकलापका लागि छुट्टै शिक्षक नियुक्त गर्न नसक्नु जस्ता विविध पक्षले गर्दा छनोटमा परेका ४ वटै विद्यालयमा अतिरिक्त क्रियाकलाप प्रभावकारी नभएको भन्ने जस्ता उत्तरहरु विद्यालयका प्र.अ., विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा अभिभावकबाट जानकारी प्राप्त भएको थियो ।

छनोटमा परेका ४ वटा विद्यालयमा छलफल तथा अन्तरक्रियाको अवस्थालाई हेर्दा छलफल तथा अन्तरक्रियात्मक कार्यक्रममा श्री प्रेमवस्ती मा.वि.मा स्थानीय शिक्षकहरुको भूमिका प्रभावकारी रहेको पाइयो । शैक्षिक गुणस्तर प्रवर्द्धनमा स्थानीय शिक्षकको भूमिकाको वर्तमान अवस्थालाई अध्ययन गर्ने क्रममा विद्यार्थीलाई पढाइ प्रति पृष्ठपोषण तथा अभिप्रेरणा प्रदान गर्ने कार्यमा स्थानीय शिक्षकको भूमिका के कस्तो

रहेको छ भन्ने बारेमा छनोटमा परेका ४ वटै विद्यालयमा गरिएको अध्ययन अनुसन्धानबाट प्राप्त तथ्य अनुसार स्थानीय शिक्षकहरुले विद्यार्थीहरुलाई आफ्नो अनुकुल अनुसार भेटेर, घरमा गएर विद्यार्थीहरुलाई उत्प्रेरणा दिने तथा पृष्ठपोषण गर्ने जस्ता क्रियाकलाप गरेको भन्ने जस्ता उत्तरहरु छनोटमा परेका २ वटा विद्यालय क्रमशः नारायणी मा.वि. र राष्ट्रिय मा.वि. कृष्णपुरका प्र.अ.बाटजानकारी प्राप्त भएको थियो । विद्यालयमा विद्यार्थी मूल्यांकनको अवस्था के कस्तो रहेको छ, विद्यार्थी मूल्यांकनमा स्थानीय शिक्षकले के कस्तो भूमिका निर्वाह गर्दै आएका छन् भन्ने सन्दर्भमा अध्ययन अनुसन्धाान गर्दा छनोटमा परेका ४ वटै विद्यालयले विद्यार्थी मूल्यांकनको मुख्य आधार भनेको परीक्षा प्रणालीलाई नै अपनाउँदै आएको तथ्य अध्ययनका क्रममा अनुसन्धानकर्ता प्रत्यक्ष उपस्थित भएर गरिएको अध्ययन अवलोकनबाट जानकारी प्राप्त भएको छ ।

शोधकार्यको दोस्रो उद्देश्य अनुसार शिक्षकको स्थानीयताले विद्यालयमा सकरात्मक र नकराात्मक दुवै किसिमको प्रभाव पारेको पाइयो । सकरात्मक प्रभाव अन्तर्गत विद्यार्थीको शैक्षिक उपलब्धि वृद्धिमा सहयोग, दिगो सिकाइ, शिक्षक र विद्यार्थी बिचको सुमधुर सम्बन्ध कायम राख्नमा सहयोग जस्ता विविध पक्षहरुमा सकरात्मक प्रभाव परेको पाइयो भने शिक्षक र विद्यार्थीमा सामाजिक रिसिईवि, बदलाको भावना, एक अर्काले हेय भावले हेर्ने, अभिभावकसँगको सम्बन्धका आधारमा शिक्षकले विद्यार्थीलाई नकराात्मक व्यवहार गर्ने जस्ता नकरात्मक प्रभाव पनि विद्यालयमा पर्न गएको तथ्य अध्ययनका क्रममा जानकारी प्राप्त भएको छ ।

शैक्षिक गुणस्तर प्रवर्द्धनमा स्थानीय शिक्षकको भूमिकालाई प्रभावकारी बनाउनका लागि कार्यरत शिक्षकलाई प्रोत्साहनको व्यवस्था गर्नु आवश्यक रहेको पाइयो । त्यसैगरी शिक्षक नियुक्ति तथा सरुवा गर्दा राम्रो शिक्षकलाई प्राथमिकता दिन सकेका खण्डमा दक्ष शिक्षकको नियुक्ति हुन सकि शैक्षिक गुणस्तर प्रवर्द्धनमा थप सहयोग पुग्ने तथ्य प्राप्त भएको छ । विद्यालयमा बढ्दो राजनीतिक अवस्थाले गर्दा शैक्षिक गुणस्तर प्रभावकारी हुन नसकेको, स्थानीय शिक्षकले आफ्नो पेशाप्रति निराशा व्यक्त गरेको जस्ता उत्तरहरु अध्ययनका क्रममा जानकारी प्राप्त भएको छ ।

विद्यालयमा शिक्षकलाई रहेको अत्याधिक पिरियड भारका कारण शिक्षकले अन्य अतिरिक्त समय दिन नसकेको तथ्य अध्ययनका क्रममा जानकारी प्राप्त भएको छ ।

विद्यालयमा विद्यार्थीहरुको शैक्षिक विकासका लागि बेलाबेलामा अभिभावक बैठक, स्टाफ बैठक, घरदैलो कार्यक्रमहरु राखिएको पाइयो । विद्यालयमा विद्यार्थीको शैक्षिक गुणस्तर वृद्धिका लागि विद्यालय व्यवस्थापन पक्षले मात्र गरेर नहुने त्यसका लागि शिक्षक, अभिभावक तथा विद्यार्थीहरुको समेत सहयोग प्राप्त हुनु पर्ने कुरा अनुसन्धानका क्रममा व्यवस्थापन पक्षसँग गरिएको छलफल तथा अनुसन्धानबाट जानकारी प्राप्त गरिएको छ । भोलिका दिनमा विद्यालय तवरबाट स्थानीय शिक्षकहरुका लागि उनीहरुको पेशाप्रति प्रोत्साहन गरी विद्यालयले काम गर्ने प्रभावकारी वातावरण तयार गर्न सकेका खण्डमा विद्यालयको शैक्षिक गुणस्तरमा स्थानीय शिक्षाको भूमिका थप प्रभावकारी हुनसक्ने निष्कर्ष प्रस्तुत गरिएको छ ।

## ५.२ सुझावहरु

यस शोधपत्रको अध्ययनको क्रममा प्राप्त तथ्याङ्कको विश्लेषण, विद्यालयसँग सम्बन्धित व्यक्तिहरुको राय तथा समस्याको समाधान सम्वन्धि सुझाबहरुलाई समेत आधार मानि शैक्षिक गुणस्तरका लागि निन्नानुसार सुझाब प्रस्तुत गरिएको छ :

### ५.२.१ नीतिनिर्माण तह

विद्यालयमा स्थानीय शिक्षक र कर्मचारीको मनोबललाई उच्च राखि शैक्षिक गुणस्तरमा उनीहरुको भूमिकालाई प्रभावकारी बनाउन राष्ट्रिय तवरबाट नै स्थानीय शिक्षकलाई प्रोत्साहन भत्ताको व्यवस्था गर्न सकेका खण्डमा शैक्षिक गुणस्तरमा उनीहरुको भूमिका थप प्रभावकारी हुने देखिन्छ । शिक्षक कर्मचारी आदि बिचमा कम्तिमा पनि महिनाको एक पटक शिक्षक बैठक राख्ने गर्नु पर्ने र नराखेमा अनुगमन गरी कारवाहीको दायरामा ल्याउने नीति राष्ट्रिय तवरबाटै हुनु पर्दछ । विद्यार्थी अभिभावक तथा शिक्षा प्रेमीहरुको सल्लाह सुझाबलाई ध्यानमा राखी शैक्षिक गुणस्तर सुधार गर्न पहल गर्नु पर्दछ ।

### ५.२.२ कार्यान्वयन तह

विद्यालयको शैक्षिक गुणस्तरमा स्थनीय शिक्षकलाई प्रोत्साहन गर्ने जस्ता कुरामा विद्यालाय प्रशासनको ध्यानाकर्षण हुन सकेको खण्डमा शैक्षिक गुणास्तर प्रवर्द्धनमा स्थानीय शिक्षकको भूमिका थप प्रभावकारी हुने देखिन्छ। शिक्षकहरुले आफूले पढाउने विषयको पूर्ण तयारी गर्नका लागि पिरियड भार कम गर्ने कार्य विद्यालय प्रशासनबाट हुनु आवश्यक देखिन्छ। व्यवस्थापन पक्षले विद्यार्थीको शैक्षिक गुणस्तरका लागि के कस्तो भूमिका निर्वाह गर्नु आवश्यक छ भन्ने कुरामा विद्यालयका प्र.अ. तथा अभिभावकबाट छलफल तथा अन्तरक्रिया गरी सुझाव प्रस्तुत हुन सकेका खण्डमा थप प्रभावकारी हुने देखिन्छ।

### ५.२. ३ थप अनुसन्धान तह

भोलिका दिनमा यस अध्ययन अनुसन्धानसँग सम्बन्धित रहेर अध्ययन अनुसन्धान गर्न चाहने अनुसन्धानकर्ताले विद्यालयमा स्थानीय शिक्षकको भूमिका प्रभावकारी नहुनुका कारणहरु के के छन्? किन स्थानीय शिक्षकलाई शैक्षिक गुणस्तर प्रवर्द्धनका लागि प्रभावकारी वातावरण बन्न सकेको छैन भन्ने जस्ता कुराको बारेमा गहन अध्ययन अनुसन्धान गरी निराकरणका उपायहरु प्रस्तुत गर्नका सकेका खण्डमा भोलिका दिनमा शैक्षिक गुणस्तर प्रवर्द्धनमा स्थानीय शिक्षकको भूमिका प्रभावकारी हुने देखिन्छ। भावी अनुसन्धानकर्ताहरुले निम्नानुसारका शीर्षकहरुमा अध्ययन अनुसन्धान गर्न सकेका खण्डमा शैक्षिक गुणस्तर प्रवर्द्धनमा स्थानीय शिक्षकको भूमिका थप प्रभावकारी हुने देखिन्छ :

क) विद्यालयको भौतिक तथा प्रशासनिक व्यवस्थापनमा स्थानीय शिक्षकको भूमिका।

ख) बालमैत्री कक्षा व्यवस्थापनमा शिक्षकको स्थानीयताले पारेको प्रभाव।

ग) आधारभूत तहको निरन्तर मूल्यांकनमा शिक्षकको स्थानीयताले पारेको प्रभाव।

घ) शैक्षिक सामग्री प्रयोग तथा व्यवस्थापनमा स्थानीय शिक्षकको भूमिका।

# सन्दर्भग्रन्थहरु


काफ्ले, वासुदेव, सिन्हा रामस्वरुप, श्रेष्ठ चन्द्रवहादुर, विष्ट मीन वहादुर (२०६०), *शैक्षिक योजना* काठमाडौं : भुँडीपूराण प्रकाशन ।

कोइराला, विद्यानाथ र श्रेष्ठ, चन्द्रबहादुर (२०६१), *शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

खड्का विष्णु कुमार (२०७२) *नेपालमा शिक्षाको नीति र उद्देश्यहरु,* https:// iamsureshacharya. wordpress.com. reterived in 12 August 2018

*गर्तौला, मित्रनाथ (२०७१), शिक्षक शिक्षा,* *nkcs.org.np/nced/elibrary*. reterived in 9 August, 2018.

गिरी, ठकेन्द्र प्रकाश (२०५९), *पाठ्यक्रम अभ्यास,* काठमाडौं : ज्ञानकुञ्ज प्रकाशन ।

घले, खुमबहादुर, (२०७२), *विद्यार्थीको भविष्यमा को कति जिम्मेवार,* काठमाडौं : कान्तिपुर दैनिक www.ekantipur.com.np

*थापा, तारा बहादुर, (२०७२), शिक्षक शिक्षा,* *nkcs.org.np/nced/elibrary*. reterived in 12 July,2018.

न्यौपाने, ऋषिराम(२०६८), *वर्तमानमा शिक्षाका समस्याहरु, अभिनभ स्मारिका,* लमजुङ : लमजुङ संस्कृति मन्च ।

*पराजुली, राजकुमार (२०७२), बालबालिकाको शिक्षामा शिक्षकको भूमिका,*www.kalpanaparajuliblogpost.com.reterived in 15 Aujgust,2018.

*पौडेल, जानुका (२०७२), विद्यालय शिक्षा र नियुक्ति प्रक्रिया,* www.janukapoudelblogpost.com. reterived in 12 march, 2018.

भट्टराई, प्रकाश (२०७२),*सिकाइ उपलब्धिमा सम्बन्धित पक्षको भूमिका,* जनअर्पण स्मारिका चितवन : भट्टराई समाज ।

मसाल,के.वि. (२०१३), *नेपालको शिक्षा विगत र वर्तमान* http://blog.raptisamachar. com.np/2013, reterived in 12 August 2018

*राष्टिय शिक्षा आयोग, (२०४९)*

वाग्ले, मनप्रसादन र कार्की उपेन्द्र कुमार (२०६१), *शिक्षाका आधारहरु,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, चिरञ्जीवि, (२०६५), *शिक्षाका आधारहरु,* काठमाडौं : एम.के. पब्लिसर्स एण्ड डिष्ट्रिब्यूटर्स, ।

शर्मा, रमाकान्त (२०७४), *शैक्षिक अनियमितता अन्त्यको आवश्यकता,* www.nagriknews.com, reterived in 7 july 2018.

सापकोटा, रमाकान्त (२०६२), *गुणस्तरीय शिक्षाका लागि विद्यालय व्यवस्थापनको भूमिका,* चितवन : शैक्षिक दर्पण जि.शि.का.।

सापकोटा, शालिकराम, (२०७२), शैक्षिक उपलब्धि वृद्धिमा शिक्षकको भूमिका, saliksapkotablogpost.com. reterived in 10 August 2018.

सिलवाल, लक्ष्मीकुमारी, (२०७१), *चेपाङ बालबालिकाको शैषिक व्यवस्थापन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, भरतपुर : सप्तगण्डकी बहुमुखी क्याम्पस ।

# शैक्षिक गुणस्तर प्रवर्द्धनमा स्थानीय शिक्षकको भूमिका

## अनुसूची – १

### अवलोकन फारम

| विवरण | उत्तम | मध्यम | न्यून |
|---|---|---|---|
| विद्यालयको भौतिक अवस्था | | | |
| शैक्षिक सामग्री | | | |
| विज्ञान प्रयोगशाला | | | |
| खेलमैदान | | | |
| तालिम प्राप्त शिक्षकहरु | | | |
| शिक्षक दरवन्दी | | | |
| पुस्तकालय | | | |
| खेलकुद व्यवस्थापन | | | |
| लेखाशाखाको अवस्था | | | |
| शिक्षक, विद्यार्थी तथा अभिभावक बिचको सम्बन्ध | | | |
| विद्यार्थीको बसाइ व्यवस्थापन | | | |
| शिक्षकको कक्षाकोठामा अध्यापनको अवस्था | | | |
| विद्यार्थी मूल्यांकनको अवस्था | | | |
| अभिभावक, शिक्षक तथा विद्यालय प्र.अ. बिच छलफल तथा अन्तरक्रिाय | | | |
| प्र.अ कोठा तथा स्टाफ कोठाको अवस्था | | | |

# शैक्षिक गुणस्तर प्रवर्द्धनमा स्थानीय शिक्षकको भूमिका
## अनुसूची ४
## शिक्षकका लागि प्रश्नावली

नाम : लिङ्ग :
विद्यालय : ठेगाना :
शैक्षिक योग्यता: कार्य अनुभव:

१. स्थानीय शिक्षकप्रति यहाँको धारणा के कस्तो रहेको छ ?

..........................................................................................................

२. विद्यालयमा स्थानीय शिक्षकको भूमिका के कस्तो हुन सक्दछ ?

..........................................................................................................

३. स्थानीय शिक्षकले अभिभावक तथा विद्यार्थीको भावना बुझेर अध्यापन गर्न सक्छन् भन्नेमा यहाँको धारणा के छ ?

..........................................................................................................

४. स्थानीय शिक्षक र अन्य शिक्षकको बिचको शैक्षिक गुणस्तरमा के कस्तो अन्तर पाउनु भएको छ ?

..........................................................................................................

५. स्थानीय शिक्षक हुँदा विद्यार्थी तथा अभिभावकमा पर्ने नकरात्मक एवम् सकरात्मक पक्ष के के छन् ?

..........................................................................................................

६. शैक्षिक उपलब्धि वृद्धिमा स्थानीय शिक्षकको भूमिका के कस्तो हुनु आवश्यक ठान्नुहुन्छ ?

..........................................................................................................

७. विद्यालयको शैक्षिक उपलब्धि वृद्धिमा स्थानीय शिक्षकका समस्याहरु के के छन् ?

..........................................................................................................

८. भोलिका दिनमा के कस्तो क्रियाकलाप गर्न सकेका खण्डमा स्थानीय शिक्षकको पेशाप्रति उत्प्रेणा जगाउन सकिएला ?

..........................................................................................................

९. विद्यालयको शैक्षिक उपलब्धिमा स्थानीय शिक्षकको भूमिकालार्य प्रभावकारी बनाउन यहाँले के कस्तो भूमिका निर्वाह गर्दै आउनु भएको छ ?

..........................................................................................................

१०. भोलिका दिनमा के कस्ता क्रियाकलाप गर्न सकेका खण्डमा विद्यालयको शैक्षिक उपलब्धि थप गर्न सकिएला ?

..........................................................................................................

# शैक्षिक गुणस्तर प्रवर्द्धनमा स्थानीय शिक्षकको भूमिका

## अनुसूची – ६

## विद्यार्थीका लागि प्रश्नावली

नाम : लिङ्ग :

१) तिमी कति कक्षामा पढ्छौँ ?

...............................................................................

२) तिम्रो घर परिवारमा को को हुनुहुन्छ?

...............................................................................

३) तिमीलाई पढाउने शिक्षकहरु तिम्रो घर वरपरको पनि हुनुहुन्छ ?

...............................................................................

३) तिम्रो घरवरपरको स्थानीय शिक्षकले अध्यापन गर्दा कस्तो व्यवहार गर्नु हुन्छ ?

...............................................................................

४) समय समयमा शिक्षक घरमा जाने गर्नु हुन्छ ?

...............................................................................

५) तिम्रो पढाइका बारेमा स्थानीय शिक्षकहरुले बाबा आमा तथा तिमीलाई राखेर छलफल तथा अन्तरक्रिया गर्ने गर्नु भएको छ ?

...............................................................................

६) स्थानीय शिक्षकहरुसँग डर लाग्छ कि लाग्दैन ?

...............................................................................

यदि डर लाग्छ भने डर लाग्नुका कारणहरु के के हुन सक्छन् ?

७) शैक्षिक गुणस्तर प्रवर्द्धनमा स्थानीय शिक्षकको भूमिकालाई प्रभावकारी बनाउने उपायहरु के के हुन सक्छन् ?

...............................................................................

.

# शैक्षिक गुणस्तर प्रवर्द्धनमा स्थानीय शिक्षकको भूमिका

## अनुसूची २

## विद्यालय व्यवस्थापन समितिका अध्यक्षका लागि प्रश्नावली

नाम : लिङ्ग :
विद्यालय : ठेगाना :
शैक्षिक योग्यताः कार्य अनुभवः

१. विद्यालय व्यवस्थापन समितिको अध्यक्षको पद ग्रहण कहिले देखि गर्नु भयो ?

..........................................................................................

२. शैक्षिक संस्थाको नेतृत्व वगर्न पाउँदा कस्तो अनुभव गर्नुभएको छ ?

..........................................................................................

३. विद्यालयमा स्थानीय शिक्षकको शिक्षणप्रतिको लगाव के कस्तो पाउनु भएको छ ?

..........................................................................................

४. स्थानीय शिक्षक र अन्य शिक्षकको बिचको शैक्षिक गुणस्तरमा के कस्तो अन्तर पाउनु भएको छ ?

..........................................................................................

५. विद्यालयको शैक्षिक उपलब्धि के कसरी वृद्धि गर्न सकिन्छ भन्ने सन्दर्भमा समय समयमा छलफल तथा अन्तरक्रिया गर्ने गर्नु भएको छ ?

..........................................................................................

६. विद्यालयमा कति जना स्थानीय शिक्षकहरु हुनुहुन्छ ?

..........................................................................................

७. शिक्षकहरुले के कसरी अध्यापन गरेका छन् ? शिक्षक र विद्यार्थी बिचको सम्बन्ध के कस्तो रहेको छ भन्ने बारेमा छलफल अन्तरक्रिया एवम् निरीक्षण गर्ने गर्नु भएको ?

..........................................................................................

८. शैक्षिक उपलब्धि वृद्धिमा स्थानीय शिक्षकको भूमिकालाई थप प्रभावकारी बनाउन के कस्ता क्रियाकलाप गर्नु आवश्यक ठान्नु भएको छ ?

..........................................................................................

९. विद्यालय व्यवस्थापन समिति, विद्यालय प्र.अ. तथा अन्य शिक्षकले स्थानीय शिक्षकलाई हेर्ने दृष्टिकोण के कस्तो रहेको छ ?

..........................................................................................

# शैक्षिक गुणस्तर प्रवर्द्धनमा स्थानीय शिक्षकको भूमिका
## अनुसूची ३

### प्रधानाध्यापकका लागि प्रश्नावली

नाम : ठेगानाः
विद्यालय : शिक्षक अनुभव :
शैक्षिक योग्यताः प्रशासनिक अनुभवः

१. प्रशासन सञ्चालनको अनुभव के कस्तो गर्नुभएको छ ?

..........................................................................................

२. शिक्षक र विद्यालय व्यवस्थापन समितिबाट के कस्तो सहयोग पाउनु भएको छ ?

..........................................................................................

३. विद्यालयमा स्थानीय शिक्षकको के कस्तो प्रभाव रहेको छ ?

..........................................................................................

४. स्थानीय शिक्षक र अन्य शिक्षकको बिचको शैक्षिक गुणस्तरमा के कस्तो अन्तर पाउनु भएको छ ?

..........................................................................................

५. स्थानीय शिक्षक हुँदा विद्यार्थीको सिकाइ क्रियाकलाप थप प्रभावकारी हुन्छ भन्नेमा यहाँको धारणा के कस्तो रहेको छ ?

..........................................................................................

यदि प्रभावकारी हुँदैन भने नहुनुका कारणहरु के के हुन सक्छन् ?

..........................................................................................

६. स्थानीय शिक्षक र अन्य शिक्षक बिचमा के कस्तो सम्बन्ध रहेको पाउनु भएको छ ?

..........................................................................................

७. सविद्यालयमा कति जना स्थानीीय शिक्षक रहनु भएको छ ?

..........................................................................................

८. विद्यालयको शैक्षिक उपलब्धिमा स्थानीय शिक्षकको भूमिका के कति प्रभावकारी रहेको छ ?

..........................................................................................

यदि छैन भने प्रभावकारी भूमिका निर्वाह गर्न नसक्नुका कारणहरु के के हुन सक्छन् ?

९. भोलिका दिनमा के कस्ता क्रियाकलाप गर्न सकेका खण्डमा शैक्षिक उपलब्धिमा स्थानीय शिक्षकको भूमिका थप प्रभावकारी हुन सक्छ ?

..........................................................................................

# शैक्षिक गुणस्तर प्रवर्द्धनमा स्थानीय शिक्षकको भूमिका
## अनुसूची ५

## अभिभावकका लागि प्रश्नावली

नाम : ठेगानाः
पेशा : शैक्षिक योग्यताः

१. यहाँका बाबुनानीहरु कति जना हुनुहुन्छ ?

..........................................................................................................

२. बाबुनानीहरुले कति कति कक्षामा पढ्नुहुन्छ ?

..........................................................................................................

३. बाबुनानीको सिकाइ उपलब्धि के कस्तो रहेको छ भन्ने बारेमा समय सयमा विद्यालयमा गएर छलफल तथा अन्तरक्रिया गर्ने गर्नु भएको छ ?

..........................................................................................................

४. स्थानीय शिक्षक र अन्य शिक्षकको बिचको शैक्षिक गुणस्तरमा के कस्तो अन्तर पाउनु भएको छ ?

..........................................................................................................

५. यहाँका बाबुनानीहरुले कुन कुन शिक्षकहरुसँग नराइकन आफूले नजानेका कुराहरु सोध्न सक्छन् भन्ने बारेमा के कस्तो जानकारी राख्नु भएको छ ?

..........................................................................................................

६. यहाँका बाबुनानीहरु शिक्षकसँग डराउँछन् भने डराउनुका कारणहरु के के होलान् ?

..........................................................................................................

७. स्थानीय शिक्षक र टाढा टाढाबाट आएर पयाउने शिक्षकमा के अन्तर पाउनु भएको छ ?

..........................................................................................................

८. विद्यालय समय भन्दा बाहिरको समयमा पनि शिक्षकलाइ भेटेर बाबुनानीहरुको पढाइका बारेमा छलफल तथा अन्तरक्रिया गर्ने गर्नु भएको छ ?

..........................................................................................................

९. विद्यालयको शैक्षिक उपलब्धि वृद्धिमा स्थानीय शिक्षकको प्रभावकारी भूमिका रहन्छ भन्नेमा यहाँको धारणा के कस्तो छ ?

..........................................................................................................

१०. भोलिका दिनमा के कस्ता क्रियाकलाप गर्न सकेका खण्डमा स्थानीय शिक्षकको भूमिकालाई थप प्रभावकारी बनाउन सकिएला ?

..........................................................................................................

# मण्टेश्वरी विद्यालयको शैक्षिक व्यवस्थापन

## अनुसूची – ४

विद्यार्थीका लागि अन्तरवार्ता प्रश्नावली

| | |
|---|---|
| विद्यार्थीको नाम :- | ठेगाना :- |
| विद्यालयको नाम :- | लिङ्ग:- |
| उमेर :- | कक्षा :- |

तलका प्रश्नहरुको बारेमा लेखेर उत्तर दिन अनुरोध छ ।

१) तिम्रो पढ्ने कक्षाकोठामा कति जना विद्यार्थीहरु छन् ?

..........................................................................................

२) तिम्रो विद्यालयमा अतिरिक्त क्रियाकलाप गरिन्छन कि गरिदैनन् ?

..........................................................................................

३) शिक्षकहरुले पाठ पढाउँदा शैक्षिक सामग्रीको प्रयोग गर्नुहुन्छ कि हुदैन ?

..........................................................................................

४) तिमिलाई पढाउने शिक्षकहरुले विद्यार्थीप्रति  के कस्तो चासो दिनुहुन्छ ?

..........................................................................................

५) तिमिलाई तिम्रो गुरुहरुले पिन्ट्नु हुन्छ कि हुँदैन ?

..........................................................................................

# मण्टेश्वरी विद्यालयको शैक्षिक व्यवस्थापन

## cg';"rL – %

अभिभावकका लागि अन्तरवार्ता प्रश्नावली

अभिभावकको नाम :- उमेर :-

अनुभव :- योग्यता :-

विद्यालयको नाम :-

१) मण्टेश्वरी विद्यालय भन्नाले यहाँले के बुझ्नु हुन्छ ?

.............................................................................................................

२) तपाईंका बाबुनानीहरुले अध्ययन गर्ने मण्टेश्वरी विद्यालयको शैक्षिक अवस्था के कस्तो रहेको छ ?

.............................................................................................................

३)विद्यार्थीको उमेर तथा संख्या अनुसार उपयुक्त शैक्षिक व्यवस्थापन रहेको छ कि छैन ?

.............................................................................................................

४) तपाईंका बाबुनानीले अध्ययन गर्ने मण्टेश्वरी विद्यालयमा शैक्षिक अवस्था वृद्धिका लागि के कस्ता समस्याहरु रहेका छन् ?

.............................................................................................................

५) भोलिका दिनमा विद्यालयको शैक्षिक व्यवस्थापनका लागि व्यवस्थापन पक्षले के कस्ता कुराहरुमा सुधार गर्नु आवश्यक ठान्नु हुन्छ ?

.............................................................................................................

६) मण्टेश्वरी विद्यालयको शैक्षिक गुणस्तर वृद्धिका लागि अभिभावकको तर्फबाट यहाँले के कस्तो भूमिका निर्वाह गर्दै आउनु भएको छ ?